**FORWARD** फरवार्ड कम्यूनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लि.
**Community Microfinance Bittya Sanstha Ltd.**

FORWARD
Community Microfinance Ltd.
Estd. 2069

# छैठौ वार्षिक प्रतिवेदन

# २०७४/७५

# सञ्चालक समिति



**भगवती चौधरी**
अध्यक्ष
प्रतिनिधित्वः ग्रामीण महिला उत्सुकता विकास मञ्च



**सविता कुमारी दाहाल**
संचालक
प्रतिनिधित्वः ग्रामीण महिला उत्सुकता विकास मञ्च



**केशवराज पौडेल**
संचालक
प्रतिनिधित्वः एभरेष्ट बैंक लि.



**आशुतोष शर्मा**
संचालक
प्रतिनिधित्वः एभरेष्ट बैंक लि.



**बलराम चौधरी**
संचालक
प्रतिनिधित्वः सर्वसाधारण शेयरधनी



**जगत जंग जि.सी.**
संचालक
प्रतिनिधित्वः सर्वसाधारण शेयरधनी




पाँचौ बार्षिक साधारणसभामा नवनिवार्चित संचालकहरु



इटालिमा संचालन भएको बोल्डर तालिममा सहभागि
मुख्य प्रवन्धक कृष्ण प्रसाद भट्राई



काठमाडौंमा भएको दोस्रो राष्ट्रिय लघुवित्त सदस्य समेलनमा सहभागि
संस्थाकी अध्ययक्ष, कर्मचारीहरु तथा सदस्यहरु




सुक्ष्म जोखिम व्यवस्थापन तालिममा सहभागि शाखा प्रमुखहरु




मलेशियामा विप्रेशन प्रोजेक्ट अर्न्तगत भएको तालिममा सहभागि
विभागीय प्रमुखहरु अभिनाश चौधरी तथा आशिषचन्द चौधरी



कृषि उत्पादनहरुलाई व्यवसायिक वनाउने
योजना तालिममा सहभागि केन्द्रीय कार्यालयका टिम

# फरवार्ड कम्युनिटी माइक्रोफाइनान्सको कार्यक्षेत्र



# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | परिचय | ३ |
| २. | छैठौ वार्षिक साधारणसभा सम्बन्धी सूचना | ५ |
| ३ | प्रोक्सी फारम | ७ |
| ३. | वार्षिक प्रतिवेदन | ९ |
| ४. | लेखापरीक्षकको प्रतिवेदन | १९–२० |
| | वासलात | २१ |
| | नाफा नोक्सान हिसाब | २३ |
| | नगद प्रवाह विवरण | २४ |
| | शेयर पूंजी तथा स्वामित्व | २५ |
| | इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २५ |
| | जगेडा तथा कोषहरू | २७ |
| | ऋणपत्र तथा वण्ड | २७ |
| | तिर्न बाँकी कर्जा (सापटी) | २८ |
| | निक्षेप हिसाब | २८ |
| | अन्य दायित्व | २९ |
| | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २९ |
| | लगानी | ३० |
| | कर्जा, सापट बर्गिकरण | ३१ |
| | स्थिर सम्पत्तिहरू | ३२ |
| | अन्य सम्पत्ति | ३३ |
| | सम्भावित दायित्वहरू | ३४ |
| | ब्याज खर्च | ३५ |
| | अन्य सञ्चालन खर्च | ३७ |
| | सम्भावित नोक्सानी ब्यवस्था | ३८ |
| | असामान्य कारोबारहरूबाट भएको आम्दानी र खर्च | ३९ |
| | संचालक, कार्यकारी प्रमुख, संस्थापक, कर्मचारी शेयरहोल्डरहरूलाई गएको कर्जा सापट विवरण | ४० |
| | पुँजीकोष तालिका | ४१ |
| | जोखिम भारित सम्पत्ति विवरण तालिका | ४२ |
| ५. | प्रमुख सुचकाङ्क | ४३ |
| ६. | **Comparison of Unaudited and Audited Financial Statement as of FY 2073/74** | ५४ |
| ७. | व्यवस्थापन टोली तथा कार्यालय | ५५–६० |
| ८ | प्रवन्धपत्र संशोधन | ६१ |
| ९ | टिपोट | ६४ |

# फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडः एक परिचय

स्थापना मितिः २०६९/०५/२८ गते
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मितिः २०६९/१२/०६ गते

केन्द्रीय कार्यालय
फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय,
दुहवी, सुनसरी
फोनः ०२५-५४००१८
फ्याक्सः ०२५-५४१४८३
E-mail: info@forwardmfbank.com.np

कार्यालय संख्या
केन्द्रीय कार्यालय..... १
सम्पर्क कार्यालय..... १
इलाका कार्यालय...... ११
शाखा कार्यालय ...... ११३

पृष्ठभूमिः  सामाजिक परिचालन र गरिवी न्युनिकरणको कार्य गर्ने गरी गैरसरकारी संस्थाको रुपमा सुनसरी जिल्लामा २०५२ सालमा दर्ता भएको ग्रामीण महिला उत्सुकता विकास मञ्चले २०५९ सालमा नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थकर्ताको इजाजतपत्र लिई सुनसरी र मोरङ्ग जिल्लाका केही गा.वि.स.बाट लघुवित्तको कार्यक्रम शुरु गरी २०६९ सालसम्म आइपुग्दा देशका विभिन्न २० जिल्लाका ५६ शाखा/उपशाखा मार्फत १ लाख परिवारमा वित्तीय सेवा संचालनमा भइसकेको थियो । यसै पृष्ठभूमिलाई लिएर उक्त ग्रामीण महिला उत्सुकता विकास मञ्चले सञ्चालन गरी ल्याएको लघुवित्तको कार्यक्रमलाई अझ प्रभावकारी, दरिलो र निरन्तरताको लागि सोहि पृष्ठभूमिलाई लिएर ग्रामीण महिला उत्सुकता विकास मञ्चको अगुवाईमा उक्त संस्था, एभरेष्ट बैंक लि. र रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. तथा केही अनुभवी व्यक्तिहरुको संयुक्त लगानीमा यस फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लि.को दर्ता कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/०५/२८ गते भई नेपाल राष्ट्र बैंकबाट मिति २०६९/१२/०६ गते वित्तीय कारोबार गर्ने इजाजत पत्र लिएर मिति २०७०/०२/०३ गतेबाट औपचारिक रुपमा आफ्नो कारोबार संचालन गरेको यस वित्तीय संस्था लि.को पछिल्लो प्रगति विवरण निम्न अनुसार रहेको छ ।

कार्यक्षेत्र तथा कार्य प्रगतिः नेपालभरि कार्य गर्ने गरी राष्ट्रिय स्तरको इजाजतपत्र प्राप्त गरी देशका विभिन्न ३६ जिल्लाः सुनसरी, मोरङ्ग, झापा, इलाम, पाँचथर, ताप्लेजुङ्ग, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सप्तरी, उदयपुर, सिरहा, सिन्धुली, खोटाङ्ग, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, भक्तपुर, काभ्रेपलान्चोक, नवलपरासी पश्चिम, रुपन्देही, कपिलबस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कन्चनपुर, डडेलधुरा, मकवानपुर, सुर्खेत, चितवन र नवलपरासी पूर्वमा लघुवित्त कार्यक्रम सञ्चालनमा रहेको यस वित्तीय संस्थाको २०७५ मंसिर मसान्तको विवरण निम्न अनुसार रहेको छ ।

कार्यक्रम सञ्चालन भएको जिल्ला : ३६
कुल कर्मचारी संख्या : ७४४
शाखा कार्यालय संख्या : ११३
इलाका कार्यालय संख्या : ११
सम्पर्क कार्यालय संख्या : १
ग्राहक सदस्य संख्या : २३३,९१६
ऋणी सदस्य संख्या : १४२,३६६
बाँकी बचत रकम : ३,५३,०३,४१,०००/-
बाँकी कर्जा रकम : ८,४२,०५,४५,०००/-

प्रदान गर्ने सेवा :

लघु कर्जा : सामूहिक जमानीमा बिना धितो (अधिकतम रु.३,००,०००/( तीन लाख सम्म) र धितो जमानी सहितमा (अधिकतम रु.७ लाख सम्म ।)

लघु बचत : ग्राहक सदस्यहरुबाट ।

लघू वीमा : लघु जीवन तथा पशुधन वीमा ।

विप्रेषण सेवा : विभिन्न बैंक तथा विप्रेषण कम्पनीहरुसँगको साझेदारीमा स्वदेश भित्र वा विदेशबाट रकम ट्रान्सफर सेवा ।

लक्षित वर्ग : (क) समुहमा आवद्ध विपन्न परिवारको सदस्य (विशेषगरी विवाहित महिला सदस्य) ।
(ख) समुहमा आवद्ध नभएको विपन्न परिवारको सदस्य (विशेषगरी विवाहित महिला सदस्य) ।

पूँजी : अधिकृत पूंजी : रु. ८०,००,००,०००/-
जारी पूंजी : रु. ३०,०१,६५,७००/-
चुक्ता पूंजी : रु. ३०,०१,६५,७००/-

शेयर स्वामित्व तथा संचालक समितिको बनोट

| शेयरधनीको विवरण | कूल कित्ता | प्रतिशत | शेयरधनी संख्या | संचालकको संख्या |
|---|---|---|---|---|
| **समूह "क": संस्थापक शेयरधनीहरु** | **२१,०१,१६०** | **७०** | **५७ जना** | |
| ग्रामीण महिला उत्सुकता विकास मञ्च | ७,५०,४१३ | २५ | संस्थागत १ | ४ जना |
| एभरेष्ट बैंक लि. | ७,५०,४१३ | २५ | संस्थागत १ | |
| आर.एम.डि.सी. | २,२५,१२,४ | ७.५ | संस्थागत १ | |
| निजी क्षेत्रका प्रवर्द्धकहरु | ३,७५,२१० | १२.५ | व्यक्तिगत ५४ | |
| समूह "ख": सर्वसाधारण शेयरधनीहरु | **९,००,४९७** | ३० | २७,१४९ जना | २ जना |
| नेपाल राष्ट्र बैंकबाट स्वीकृत व्यावसायिक विज्ञको सूचीबाट:स्वतन्त्र व्यावसायिक | | | मनोनयन हुन बाँकी | **१ जना** |
| **कूल** | ३०,०१,६५७ | १०० | | **७ जना** |

२०७५ मंसिर मसान्तको विवरण अनुसार ।



FORWARD फरवार्ड कम्यूनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लि.
Community Microfinance Bittya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय, दुहवी सुनसरी**
**फोन नं. ०२५–५४१००१८, फ्याक्स नं. ०२५–५४१४८३**

# छैठौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०९/०७)**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७५/०९/०६ (तदनुसार २१ डिसेम्बर, २०१८) को ७६औं बैठकको निर्णय बमोजिम छैठौ वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान
मिति : २०७५ पौष २९ गते आइतबार (१३ जनवरी, २०१९)
समय : दिनको ११.०० बजे
स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहवी, सुनसरी ।

छलफलका विषयहरू

(क) सामान्य प्रस्तावहरु:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनूसुचिहरु पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७५/७६ को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.३०,०१,६५,७००/- को २०% ले हुने नगद लाभांश रु.६,००,३३,१४०/- (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरी नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.३०,०१,६५,७००/- को २५% ले हुन आउने रकम रु.७,५०,४१,४२५/- बराबर बोनस शेयरलाई शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम रहेका शेयरधनी महानुभावहरुले पाउने गरी वितरण गर्ने तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई नगद लाभांशबाट समायोजन गर्ने गरी शेयरधनी समुहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न अंक (Fraction) को बोनश शेयरलाई पूर्ण अंक (Whole) मा परिणत गरी चुक्ता पुँजीमा समायोजन गर्न (यस अनुरुप चुक्ता पुँजीको रकम हेरफेर हुन सक्ने) प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।
३. वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।
४. वित्तीय संस्थाको प्रबन्धपत्रका केही दफाहरु तथा नियमावलीका केहि नियमहरुलाई परिमार्जन, थपघट गरी संशोधन गर्ने।
५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै शंसोधन, थपघट, समायोजन वा फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**छैठौं बार्षिक साधारणसभा सम्बन्धि अन्य जानकारी**

१. बार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७५/०९ /१५ यस वित्तीय संस्थाको शेयर दाखिला खारेज किताब बन्द रहनेछ ।

२. सभामा प्रवेशका लागि शेयरधनी महानुभावहरुले आफ्नो कुनै परिचय पत्र सहित शेयरधनी नं. वा बैंकको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनीको हकमा BOID (हितग्राहि परिचय नम्बर) प्रस्तुत गर्नु पर्नेछ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । हाजिरी किताब सो दिन विहान १० बजेदेखि खुल्ला रहनेछ ।

४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ती भई आउने व्यक्ति वित्तीय संस्थाको शेयरधनी मध्येबाट नै हुनु पर्नेछ । प्रोक्सी फर्म सभा हुनुभन्दा ४८ घन्टा अगावै फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा दर्ता गराउनु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गर्न सकिनेछ । एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनि आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि बिहान ११ बजेभित्र फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तिय संस्था दुहवी, सुनसरीमा प्राप्त हुने गरी सो को सुचना पठाउनु पर्नेछ ।

६. नावालक वा अशक्त शेयरधनीको तर्फबाट लगत किताबमा उल्लेखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारी दस्तखत हुनु पर्नेछ ।

८. विविध शीर्षक अन्तर्गत गर्नु पर्ने छलफलका विषयबारे सभा हुने दिनभन्दा ७ दिन अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा लिखित जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएतापनि पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।

१०. वार्षिक प्रतिवेदन सम्बन्धि विवरण र साधारणसभा सम्बन्धि अन्य जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहवी सुनसरीमा कार्यालय समयभित्र सम्पर्क राख्न वा यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गरी लिन र हेर्न सकिनेछ ।

११. सभामा व्याग तथा नावालक लिएर प्रवेश नगरिदिन हुन अनुरोध छ ।

FORWARD फरवार्ड कम्यूनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लि.
Community Microfinance Bittya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

# प्रोक्सी फारम

श्री सञ्चालक समिति,
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड,
केन्द्रीय कार्यालय, दुहवी, सुनसरी ।

विषय : प्रतिनिधि नियुक्त गर्ने बारे ।

महाशय,

.......................................जिल्ला .................................... न.पा./गा.पा. वडा नं. ........ . बस्ने म/हामी ............... ................................ ले त्यस वित्तीय संस्थाको शेयरवालाको हैसियतले २० ....... साल ........ महिना ........ गते ............ बारका दिन हुने साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .................... जिल्ला .......................... न.पा./गा.पा. वडा नं. ....... बस्ने त्यस वित्तीय संस्थाका शेयरवाला श्री ................................ शेयर प्रमाण-पत्र नं./अभौतिकीकरण खाता नं. ................ .............. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकको
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाण-पत्र नं.
शेयर कित्ता संख्या :
हितग्राही (डिम्याट) खाता नं...........
मिति :

प्रतिनिधिको
दस्तखतः
नामः
ठेगाना :
शेयर प्रमाण-पत्र नं.
शेयर कित्ता संख्या :
हितग्राही (डिम्याट) खाता नं...........
मिति :

द्रष्टब्यः यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी)को नाउँ उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

# फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लि.
## छैठौं वार्षिक साधारणसभामा
## अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन, २०७५

शेयरधनीमहानुभावहरु,

फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लि.को पाँचौ वार्षिक साधारणसभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संस्थाहरुबाट प्रतिनिधित्व गर्दै पाल्नु भएका महानुभावहरु, पत्रकारलगायत सम्पूर्ण आमन्त्रित महानुभावहरुलाईयस वित्तीय संस्थाको संचालकसमितिर मेरो आफ्नो तर्फबाट हार्दिक स्वागत गर्दछु ।

ग्रामीण महिला उत्सुकता विकास मञ्च नामक गैरसरकारी संस्थाले २०५९ पौष १५ गते (सन् २००२ डिसेम्बर ३०) देखि वित्तीय मध्यस्थताको कारोबारको माध्यमबाट नेपालको गरिबी घटाउने उद्देश्यले लघुवित्त सेवा प्रदान गर्न सुरु गरिएको र सोही संस्थाको पहल तथा एभरेष्ट बैंक र आरएमडिसी समेतको अगुवाईमा २०६९ साल भदौ २८ गते (सन् २०१२ सेप्टेम्बर १३) फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको स्थापना भएको हो । त्यसपछि नेपाल राष्ट्र बैंकबाट २०६९ साल चैत्र ६ गते (२०१३ मार्च १९) वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त गरी २०७० साल जेष्ठ ३ गते (२०१३ मे १७) मा विधिवत रुपमा उद्घाटन पश्चात यस वित्तीय संस्थाले उक्त ग्रामीण महिला उत्सुकता विकास मञ्चको लघुवित्तको कार्यक्रम हस्तान्तरण गरी लिएर कार्यक्रम सञ्चालन शुरु गरेकोमा २०७५ साल मंसिर मसान्तसम्ममा आफ्नो वित्तीय सेवाको पहुँच देशका ३६ जिल्लाका ४२३ गाउँपालिका/नगरपालिकाका २,३३,९१६ विपन्न परिवारमा पुगेको समाचार यहाँहरु समक्ष प्रस्तुत गर्दा मलाई खुसी लागेको छ ।

सबै शेयरधनी तथा संचालकहरुको सृजनात्मक विचार र तर्क, ग्राहक तथा सरोकारवालाहरुको सकारात्मक सहयो ग र कर्मचारीहरुको मेहनतले अगाडि बढ्दै गइरहेको यो वित्तीय संस्था गरिबी न्युनिकरणको अभियानमा काम गर्न अगाडि बढिरहेको छ । जसअनुरुप लघुवित्त कारोबार गर्ने नेपालका लघुवित्त वित्तीय संस्थाहरुमध्ये सदस्य वृद्धि आकारमा तेस्रो स्थानमा पुगेको कुरा अवगत गराउन चाहन्छु । हाल नेपालको गरिबीको रेखामुनि रहेको जनसंख्या २५ प्रतिशतको हाराहारीमा रहेतापनि यथार्थतामा बहुसंख्यक जनसंख्या ग्रामीण भेकमा बसोबास गर्ने, युवाहरु बेरोजगारीको चपेटामा परेका, वित्तीय अवसर नपाएका गरीब विपन्नहरुको संख्या अझै पनि उल्लेखित प्रतिशतभन्दा ज्यादै बढी रहेको भन्ने भनाइको आधारमा पनि लघुवित्त कारोबार गर्न सक्ने सम्भावना र आधारहरु प्रसस्तै रहेका छन् ।

यस सम्मानित सभामा वित्तीय संस्थाको संचालक समितिका तर्फबाट यहाँहरु समक्ष आर्थिक वर्ष २०७४/७५ मा हासिल गरेका उपलब्धी तथा सामना गर्नुपरेका चुनौतीहरु र चालु आर्थिक वर्ष २०७५/७६ को लागि लिइएको रणनीति तथा कार्यक्रम संचालनको कार्य नीति लगायतका विविध विषयहरुमा देहाय बमाजिमको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

**१. नेपालमा लघुवित्त कार्यक्रमः**

नेपालमा लघुवित्त सम्बन्धी कार्यक्रमले करिब दुई दशक यतादेखि व्यापकता पाएको छ । गरिबी न्युनिकरणका लागि लघुवित्त सम्बन्धी कार्यक्रम एक आधारभूत र अपरिहार्य साधन बन्न पुगको छ।

२०७५ असोज मसान्त सम्मको तथ्याङ्क अनुसार नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त देशमा 'घ' वर्गका६८ लघुवित्त वित्तीय संस्थाहरु, नेपाल राष्ट्रबैंकबाट स्वीकति प्राप्त लघुकर्जा कारोवार गर्ने २०गैर सरकारी संस्थाहरुले लघुवित्तको प्रत्यक्ष वा परोक्ष रुपमा कारोबार गरी रहेका छन् भने 'क'वर्गका २८ वाणिज्य बैंकहरु, 'ख' वर्गका ३३ विकास बैंकहरु, 'ग' वर्गका २४ वित्त कम्पनीहरुले समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लघुवित्तको कारोबार गरी रहेका हुनाले सो समेत जम्मा १७३ बैंक तथा वित्तीय संस्थाहरु लघुवित्त क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत रहेका छन् । अन्य सहकारी विभाग अन्तर्गतका सहकारी संस्थाहरुबाट भएको कार्य यसमा उल्लेख गरिएको छैन ।

**२. विगत वर्षको कारोवारको सिंहावलोकनः**

देशमा विद्यमान राजनैतिक संक्रमणकालको कारणले देशको समग्र आर्थिक तथा सामाजिक वातावरण सहज र अनुकूल बनी सकेको छैन । लघुवित्त सेवादिने संस्थाको संख्यामा वृद्धि भई एकै कार्यक्षेत्रमा शाखा कार्यालय विस्तारसँगै सदस्यको कर्जामा दोहोरोपनको समस्या र प्रतिस्पर्धा बढ्दै गएको अवस्थामा लघुवित्त कारोबार पनि चुनौती पूर्ण र जोखिमपूर्ण अवस्था रहयो । यस्तै परिस्थितिमा यस वित्तीय संस्थाले समीक्षा बर्षमा थप जिल्लामा कार्यक्रम विस्तार गरी देहाय अनुसारको उपलब्धी हासिल गर्न सकेको कुरा अवगत गराउन चाहन्छु ।

अब म यहाँहरु समक्ष यस वित्तीय संस्थाको आ.व. २०७४/७५को कार्य प्रगति तथा वित्तीय स्थितिको तुलनात्मक संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्र. सं | विवरण | आ.व. (रकम रु.००० मा) | | वृद्धि रकम ( रु.०००मा) | प्रतिशत |
|---|---|---|---|---|---|
| | | (२०७३/७४) | (२०७४/७५) | | |
| १ | चुक्ता पूँजी (प्रस्तावित बोनश शेयर समेत) | ३००,००० | ३७५,२०७ | ७५,२०७ | २५% |
| २ | जगेडा तथा कोषहरु | ४९६,१०९ | ६३१,०१९ | १३४,९१० | २७% |
| ३ | तिर्न बाँकि कर्जा सापट | ३,४५३,६२० | ३,८०३,४५५ | ३४९,८३५ | १०% |
| ४ | निक्षेप दायित्व | २,३८५,७०८ | ३,५८२,९४१ | १,१९७,२३३ | ५०% |
| ५ | कर्जा सापट (उठाउन बाँकी) | ६,२२९,९९८ | ७,७८०,३०८ | १,५५०,३१० | २५% |

यस वित्तीय संस्थाको चुक्ता पूँजी समीक्षा आ.व. २०७४/७५ मा प्रस्ताव गरिएको बोनस शेयर बापत रु. ७ करोड ५२ लाख समेत गरी २५% थप भई रु.३७ करोड ५२ लाख रहेकोछ । त्यस्तै, जगेडा तथा कोषमा रु.४९ करोड ६१ लाख रहेकोमा यसबर्ष करिब २७% थप भई रु.६३ करोड १० लाख १९ हजार जम्मा भएको छ । तिर्न बाँकी कर्जा सापट ३ अर्ब ४५ करोड ३६ लाख २० हजार रहेकोमा यस बर्ष १०% वृद्धिभई ३ अर्ब ८० करोड ३४ लाख ५५ हजार रहेको छ । निक्षेप दायित्वमा २ अर्ब ३८ करोड ५७ लाख ८ हजार रहेकोमा यस बर्ष ५०% वृद्धिभई ३ अर्ब ५८ करोड २९ लाख ४१ हजार जम्मा पुगेको छ । त्यस्तै सदस्यहरुलाई प्रदान गरिएको कर्जा सापटमा रु. ६ अर्ब २२ करोड ९९ लाख ९८ हजार रहेकोमा यस बर्ष २५% वृद्धि भई रु.७ अर्ब ७८ करोड ३ लाख ८ हजार जम्मा पुगेको छ ।

(क) पूँजीवृद्धिः

यस वित्तीय संस्थामा हाल साधारण शेयरमात्र रहेको छ । समीक्षा बर्षमा बोनश शेयर वितरण पश्चात पूँजी बृद्धि भई रु.३० करोड पुगेको तथा आ.ब. २०७४/७५ सम्मको मुनाफाबाट शेयरधनीहरुलाई २५% बोनश शेयर वितरणका लागि प्रस्ताव गरीएको समेत गरी कुल चुक्ता पूँजी रु.३७ करोड ५० लाख हुने भएको छ ।

(ख) कार्यक्षेत्र तथा कार्यक्रम विस्तारः

आ.व.२०७४/७५ मा ताप्लेजुङ्ग, पाँचथर, ईलाम, सुनसरी, मोरङ्ग, झापा, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सप्तरी, सिरहा, उदयपुर, धनुषा, सिन्धुली, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, डडेलधुरा, खोटाङ्ग, मकवानपुर, सुर्खेत, चितवन र नवलपरासी (पूर्व) गरी देशका ३६ जिल्लामा १११ वटा शाखा कार्यालयरहेका थिए। त्यसै गरी चालु आर्थिक वर्ष२०७५/७६मा थप २ जिल्ला पाल्पा र नुवाकोट तथा साविकका जिल्लामा गरी थप ८ वटा शाखा सञ्चालनको तयारीमा काम भई रहेकोले यसबाट वित्तीय संस्थाको शाखा संख्या ११९ पुगे को छ । त्यसैगरी अन्य विभिन्न जिल्लाका थप स्थानहरुमा यस आर्थिक बर्षमा नयाँ शाखा खोल्ने योजना तयार गरिरहेकोले सो समेत पुरा भई सकेपश्चात अझ कार्यक्रम विस्तार हुनेछ ।

आ.व.२०७४/७५ मा नयाँ ग्राहक सदस्यहरु १५,७७५ थप भएबाट कुल ग्राहक सदस्य २,२८,०३५ पुगेकोमा चालु आ.ब. को मंसिर महिनासम्ममा कुल ग्राहक सदस्यमा ५,८८१ जना सदस्य थप भई कुल सदस्य संख्या २,३३,९१६ जना पुगेको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

(ग) मानव संशाधन तथा तालिम :

वित्तीय संस्थाको कारोवार संचालनको लागि समीक्षा अवधिमा ५९५ जना कर्मचारी कार्यरत रहेका छन् । गत वर्षमा कुल ५२९ जना कर्मचारीहरु कार्यरत रहेका थिए । वित्तीय संस्थालाई थप आबश्यक पर्ने कर्मचारीको व्यवस्थपन गर्न चालु बर्षमा थप ११८ जना नयाँ प्रशिक्षार्थीहरु प्रशिक्षणमा रहेका छन् । ६ महिनाको प्रशिक्षण पश्चात उनीहरुसमेत यस वित्तीय संस्थामा कर्मचारीको रुपमा नियुक्ती हुनेछन् । सो पश्चात यस वित्तीय संस्थामा ७१३ जना कर्मचारी पुग्नेछन् । यस बर्षको बाँकी अवधिमा पनि कर्मचारीहरुलाई क्षमता अभिवद्धि गर्न आवश्यक थप तालिम प्रदान गर्न विशेष जोड दिइनेछ ।

कर्मचारीहरु आफ्नो काममा निपूर्ण र क्षमतावान भएमा मात्र वित्तीय संस्थाको लक्ष्य हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई ध्यानमा राखी उनीहरुको सीप, क्षमता, दक्षता, उत्प्रेरणा अभिबृद्धि गर्न समीक्षा बर्षमा विभिन्न तहका पदाधिकारी, कर्मचारीलाई अवलोकन भ्रमण, तालिम, गोष्ठी आदिमा सहभागी गराइएको थियो । यसै सिलसिलामा सो बर्षमा वित्तीय संस्था आफैंले आयोजना गरेको धितो कर्जा लगानी सम्बन्धी तालिम, शाखा व्यवस्थापन सम्बन्धि तालिम, वित्तीय साक्षरता तालिम, कृषि व्यवसाय वित्तीय

साक्षरता तालिम, लघुवित्त आधारभुत तालिम लगतयत २३ वटा तालिम आयोजना गरेर जम्मा ६३७ कर्मचारी सहभागी भएका थिए । साथै २० जना कर्मचारीहरु देशभित्र विभिन्न संस्थाले सञ्चालन गरेको तालिममा सहभागी भएका थिए । त्यसैगरी १३ जना कर्मचारी विदेशमा सञ्चालन भएको तालिम सेमिनारमा सहभागी भएका थिए । जसबाट समीक्षा बर्षमा कुल कर्मचारी गरी ६७० जनाले विभिन्न तालिम, गोष्ठी अवलोकन भ्रमण आदिमा सहभागिता गराईएको थियो । भविश्यमा पनि निरन्तर कर्मचारीहरुको क्षमता विकास गर्ने कार्य गर्दै लगिने छ ।

(घ) ग्राहक संरक्षण तथा लघुउद्यमशीलता विकास र विस्तार :

ग्राहक सदस्यहरु नै वित्तीय संस्थाको मुख्य कडीको रुपमा मेरुदण्ड नै भएको हुनाले उनिहरुको संरक्षण गर्नु महत्वपूर्ण हुन्छ । यसका लागि ग्राहक सदस्यहरुको क्षमता अभिबृद्धि तथा सीप विकास, सकारात्मक सोच, वित्तीय साक्षरता सम्बन्धी विभिन्न तालिम गोष्ठी संचालन गरी कार्यक्षमता तथा दक्षता तथा सीप विकासका तालिमहरु निरन्तर रुपमा सञ्चालन भइरहेका छन् । समीक्षा बर्षमा यस वित्तीय संस्थाबाट सदस्यहरुको समूह प्रवेश तालिम, पुर्नताजगी तालिम, वित्तीय साक्षरता र केन्द्र प्रमुख गोष्ठी हरुमा जम्मा ४४,०५२ जना सदस्य सहभागिता भएका थिए । त्यसैगरी सदस्यहरुको लागि विभिन्न किसिमका सीप विकास तथा व्यवसाय विकास सम्बन्धी ३ देखि ५ दिन सम्मको तालिममा ६२८ जना सदस्य सहभागि भएका थिए भने ३३० जना सदस्यहरुलाई सकारात्मक सोच र व्यावसाय विकास गर्न विभिन्न स्थानमा लगेर लघुवित्त कार्यक्रम तथा व्यवसाय अवलोकन भ्रमण गराईएको थियो । समीक्षा बर्षमा सदस्यहरुको उल्लेखित तालिम गोष्ठीमा ग्राहक संरक्षण कोषबाट रु.५४ लाख १८ हजार खर्च गरिएको थियो ।यस्तो सदस्यहरुको सीप, क्षमता र व्यवसायिक ज्ञान विकासका लागि आगामी दिनमा पनि गरिने कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

**३. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थीतिबाट वित्तीय संस्थाको कारोवारमा परेको असरः**

अन्तर्राष्ट्रिय परिस्थितिले हाम्रो वित्तीय संस्थाको कारोबारमा असर परेको अवस्था हालसम्म देखिएको छैन तर राष्ट्रिय परिस्थितिले भने केही असर पारेकोछ । देशमा राजनीतिक तथा आर्थिक अवस्थामा स्थायित्व आई नसकेको कारणले आर्थिक र सामाजिक पक्ष प्रभावित हुन गएका छन् । हाल बढ्दै गई रहेको अनियन्त्रित तरल व्यवस्थापनको कारणले वित्तीय संस्थाले लिएको कर्जामा दिनानुदिन व्याज बढी रहेको हुनाले त्यसबाट वित्तीय संस्थाको कारोबारमा केही असर पर्न गएको छ भने देशमा आबश्यकता भन्दा बढी लघुवित्त संस्थाहरुको आगमनको कारण प्रतिश्पर्धा समेत आबश्यकता भन्दा बढी हुन गएर यसको असर समेत पर्न गएको छ ।

४. प्रतिवेदन तयार भएको मितिसम्म चालुवर्ष२०७५/७६को उपलब्धि र भविष्यमा चाल्नु पर्ने कदमको बारेमा संचालक समितिको धारणा : चालु आर्थिकवर्ष २०७५/७६ को मंसिर मसान्तसम्म वित्तीय संस्थाको प्रगति झलक गत वर्षको तुलनामा देहाय अनुसार भएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विवरण | २०७४ मंसिर | २०७५ मंसिर | वृद्धि | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १. | शाखा संख्या | १०७ | ११३ | ६ | ६% |
| २. | ग्राहक संख्या | २१९,८२८ | २३३,९१६ | १४,०८८ | ६% |
| ३. | ऋणी संख्या | १४०,६१० | १४२,३६६ | १,७५६ | १% |
| ४. | निक्षेप (रु.000) | २,९८८,०४५ | ३,५३०,३४१ | ५४२,२९६ | १८% |
| ५. | कर्जा प्रवाह (रु.000) | ६,३८१,५७४ | ८,४२०,५४५ | २,०३८,९७१ | ३२% |

यसका साथै समीक्षा अविधिमा थप ६ वटा नयाँ शाखा कार्यालय खोली जम्मा ११३ वटा शाखा सञ्चालनमा आएका छन् भने करीब २ लाख ३४ हजार विपन्न परिवारलाई सेवा पुऱ्याई रहेको छ । त्यस्तै, लगानीमा रहिरहेको कर्जा रकम रु. ८ अर्ब ४२ करोड पुऱ्याइएको छ ।

वित्तीय संस्थाले आफ्नो विस्तारित कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न फिल्ड कार्यालयहरुलाई अझबढी सक्रिय बनाई ग्राहकलाई छिटो छरितो सेवा पुऱ्याउने, फिल्ड कार्यालयहरुलाई बढी जिम्मेवार बनाउन केन्द्रीय कार्यालयबाट नीति निर्देशन प्रवाह गर्ने र प्रभावशाली अनुगमन पद्धतिद्वारा लक्ष्य अनुसारको प्रगति हासिल गर्न केन्द्रित रहने रणनीति लिएको छ । साथै व्यवस्थित रिपोर्टिङ्ग तथा प्रभावकारी अनुगमनका लागि केन्द्रीकृत सूचना प्रणाली अनुसारको अनलाईन सफ्टवयेरलाई सबै

शाखाहरुमा जडान गरी सबै शाखाहरुमा केन्द्रीकृत नियन्त्रण प्रणाली लागू गरिएको छ । त्यसै गरी ग्राहक सदस्यहरुको सीपमुलक विकास तालिम, क्षमता अभिबृद्धि तालिम, उद्यमीव्यवसायमुखी तालिम तथा गोष्ठीहरु, महिला हिंसा विरुद्धको अभियान तथा स्वास्थ्य र जनचेतनाका लागि विभिन्न तालिम गोष्ठी तथा स्वास्थ्य जाँच तथा शिविर आदिको आयोजना गरी ग्राहक संरक्षणलाई निरन्तरता दिइरहेकोछ ।

यसरी कार्य गर्दा वित्तीय संस्थाले देहायका मुख्य सरोकारवालाहरु (Stakeholder) को आवश्यकता, चाहना र अपेक्षालाई समेटेर लैजाने प्रयास गर्दछ ।

(क) ग्राहक सदस्यहरुको चाहना र आवश्यकता अनुसार उचित मुल्यमा गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने ।
(ख) सामाजिक दायित्व तर्फ सचेत भई ग्राहक सदस्यहरुको लागि सामाजिक विकासका कार्यक्रमहरु समेत सञ्चालन गर्ने ।
(ग) कर्मचारीहरुलाई समय सापेक्ष सुविधा तथा क्षमता अभिबृद्धिको लागि आवश्यक तालिम, नयाँ प्रविधिसँग सम्बन्धित व्यवस्थित व्यवस्थापन तालिमहरु, अन्तर र बाह्य अवलोकन अध्ययन भ्रमणहरु लगायत लघुवित्तक्षेत्रमा काम गर्न दक्ष कर्मचारीलाई दिईने विभिन्न खाले तालिम गोष्ठीहरु तथा अध्ययन अवलोकन भ्रमणहरु समय समयमा गर्ने ।
(घ) पूँजीकोष पर्याप्तता अनुपात पुरागर्ने गरी कारोबार बढाउने ।
(ङ) वित्तीय साक्षरता कार्यक्रमलाई सघनताका साथ आफ्ना ग्राहक सदस्यलाई अनिवार्य तथा सरोकारवाला समेतलाई समाबेस गरी कार्यक्रम संचालन गर्ने गराउने ।

यिनै कुराहरुलाई मध्यनजर गर्दै चालु आर्थिक वर्षमा देहाय अनुसारका कार्यहरु गर्ने लक्ष्य लिइएको कुरा जानकारी गराउन चाहन्छु ।

- देशका विभिन्न स्थानमा थप शाखा कार्यालय खोल्न आवश्यक स्वीकृत लिई विभिन्न ठाँउमा थप शाखा स्थापना गरिने छ ।
- विभिन्न शाखा मार्फत बढी भन्दा बढी ग्राहक सदस्यहरुलाई वित्तीय सेवा पुर्‍याउने ।
- कर्जा रकम अझ बृद्धि गर्न नयाँ योजनाहरु कार्यान्वयन गर्ने ।
- सदस्यहरुबाट संकलन भएको बचत बढाउन विभिन्न योजना ल्याउने ।

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका अन्य विवरणहरुलाई अनुसूची “क” मा प्रस्तुत गरिएको छ ।

**५. वित्तीय संस्थाको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :**

यस वित्तीय संस्थाको नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, आन्तरिक राजश्व कार्यालय, नेपाल धितोपत्रबोर्ड, नेपाल स्टक एक्सचेन्ज लगाएत अन्य नियमनकारी निकायहरुसँग सुमधुर सम्बन्ध रही आएको छ । त्यसैगरी MEDEP, UNCDF, UNDP, Habitat for Humanity, Access Advisory, Access to Finance (UNNATI) लयायत अन्य निकायहरुको साझेदारीमा ग्राहक सदस्यहरुको क्षमता अभिबृद्धि गरी वित्तीय पहुँचलाई बढाउने कार्य भई रहेको छ भने चालु आर्थिक बर्षबाट थप अन्य संघसंस्थाको साझेदारीमा यस किसिमका कार्यक्रमलाई अझ बढावा दिँदै निरन्तरता दिइनेछ ।

**६. संस्थागत सामाजिक उत्तरदायित्वः**

वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत विभिन्न सामाजिक कार्यहरुको लागि सहयोग गर्दै आएकोछ । वित्तीय साक्षरता कार्यक्रम सञ्चालन, स्थानीय स्तरमा सञ्चालित सामाजिक कार्यक्रममा सहयोग तथा सहभागि, बाढी पहिरो तथा आगलागी जस्ता प्राकृतिक प्रकोपवाट पिडित ग्राहक सदस्यहरुलाई सहयोग गर्ने जस्ता कार्यक्रम मार्फत संस्थाले सामाजिक उत्तरदायित्वमा केही भए पनि योगदान गर्ने प्रयास गरेको छ । समीक्षा बर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत रु.३ लाख ३९ हजार खर्च भएको थियो । यस कार्यक्रमलाई अझ व्यवस्थित तथा विस्तार गरि निरन्तरता दिन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम मुनाफाबाट हरेक बर्ष निश्चित रकम छुट्याई सो रकमबाट खर्च गरिने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

**७. आन्तरिक नियन्त्रण प्रणाली :**

वित्तीय कारोवारमा निहित कर्जा जोखिम, बजार जोखिम तथा सञ्चालन जोखिम लगायतलाई मध्यनजर गर्दै वित्तीय संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई दह्रो बनाउने नीति लिएको छ। वित्तीय संस्थाको कारोबारमा रहेका जोखिम व्यवस्थापन तथा न्यूनिकरणको लागि जोखिम व्यवस्थापन समिति रहेको छ । वित्तीय संस्थाको नीति, नियम तथा परिपत्रहरुको परिपालनाको अवस्था

निरन्तर रुपमा अनुगमन गर्न संचालक समिति अन्तर्गत लेखा परीक्षण समिति र आन्तरिक लेखा परीक्षण विभागको व्यवस्था रहेको छ । आन्तरिक नियन्त्रण सबल बनाउनको लागि वित्तीय संस्थाका कार्यान्वयन, अनुगमन, व्यवस्थापन शाखा तथा विभागहरुले नियमित अनुगमन, आन्तरिक लेखा परीक्षण, प्रशासनिक नियन्त्रण, मासिक बैठकर त्रैमासिक तथा वार्षिक समीक्षा गरी आवश्यक सल्लाहर सुझाबहरु संकलन गर्ने गरिएको छ। त्यसैगरी वित्तीय संस्थालाई सुसंचालनका लागि आवश्यक नीति, नियम, विनियम तथा निर्देशिकाहरु तर्जुमा गरी, वित्तीय साक्षरता, कर्जा सूचना प्रणलीलाई पनि कार्यान्वयनमा ल्याइएको र आवश्यकता अनुसारथप तथा परिमार्जन गर्दै लगिनेछ।

(क) संचालक समितिः

यस वित्तीय संस्थाको संचालक समितिमा समूह “क” अन्तर्गतको संस्थापक शेयरधनी ग्रामीण महिला उत्सुकता विकास मञ्चबाट श्री भगवती चौधरी ज्यू तथा श्री सविता कुमारी दहालज्यू, एभरेष्ट बैंक लि. का तर्फबाट श्री केशवराज पौडेलज्यू र श्री आशुतोष शर्मा ज्यू, तथा सर्वसाधारण शेयरधनीहरुका तर्फबाट श्री बलराम चौधरी र श्री जगत जंग जि.सी.ज्यूले प्रतिनिधित्व गरी रहनुभएको छ। यस सञ्चालक समितिले फरवार्ड कम्यूनीटी माइक्रो फाईनान्स वित्तीय संस्था लि.लाई वित्तीय व्यवस्थापन तथा सेवा प्रदानका कार्यहरुको नियमन, अनुगमन मूल्यांकनका साथै, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा यस वित्तीय संस्थाको नामले परिचित गराउने कार्यमा निरन्तर लागि रहेको अवस्था छ। यसका लागि सबै संचालकहरुलाई धन्यवाद दिन चाहन्छु।
आर्थिक वर्ष २०७४/७५मा संचालक समितिको बैठक १५ पटक बसेको थियो।

(ख) लेखापरीक्षण समितिः

समीक्षा वर्षमा यसवित्तीय संस्थाका सञ्चालक समितिका सदस्यहरुश्री केशव राज पौडेलज्यू संयोजकर श्री सविता कुमारी दाहाल सदस्य तथा आन्तरिक लेखा परीक्षण विभाग प्रमुख सदस्य सचिव रहने गरी जम्मा ३ जनाको लेखापरीक्षण समिति रहेको थियो। सो समितिले वित्तीयस्थितिको समीक्षा, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन, लेखा परीक्षण कार्यक्रम तर्जुमा र लेखा परीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी सञ्चालक समितिमा आफ्नो राय तथा सुझाव पेश गर्ने गरेको छ। सञ्चालक समितिले लेखा परीक्षण समितिबाट प्राप्त राय तथा सुझावको आधारमा व्यवस्थापनलाई समयसमयमा आवश्यक निर्देशन दिने गरेको छ। साथै बाह्य लेखापरीक्षकको प्रतिवेदनमा औल्याएका कैफियतहरु माथि विस्तृत छलफल गरी प्रस्तुत गर्ने गरेको छ। यसबाट वित्तीय संस्थाको काम कारवाही व्यवस्थित बनाउन योगदान पुगेको व्यहोरा म यहाँ उल्लेख गर्न चाहन्छु।

लेखापरीक्षण समितिका संयोजक तथा सञ्चालकबाट प्रतिनिधित्व गर्नु हुने सदस्यहरुलाई प्रति बैठक रु.४,०००/- बैठकभत्ता बापत दिने गरिएको बाहेक अन्य सुविधा दिएको छैन। अन्य पदाधिकारी तथा सदस्य सचिवलाई कुनै सुविधा दिएको छैन। आ.ब.२०७४/७५ मा यस समितिको बैठक ४ पटक बसेको थियो।

(ग) जोखिम व्यवस्थापन समितिः

संचालक समितिले संचालक श्री आशुतोष शर्माको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ। सो समितिमा संचालक श्री केशवराज पौडेल र श्री बलराम चौधरी सदस्य तथा कर्जा विभागका प्रमुखलाई सदस्य सचिव तोकिएको छ। लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहने व्यवस्था छ। संस्थाको सु-संचालनको लागि सम्भावित जोखिम क्षेत्र पहिचान गर्ने, व्यवस्थापनले तर्जुमा गरेका जोखिम व्यवस्थापन रणनीति, कार्यनीति माथि छलफल गरी व्यवस्थापनलाई निर्देशन दिने कार्य यस समितिले गरेको छ। आ.ब.२०७४/७५ मा यस समितिको बैठक ४ पटक बसेको थियो।

(घ) कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समितिः

संचालक समितिले संचालक श्री सविता कुमारी दहालको संयोजकत्वमा संचालक श्री आशुतोष शर्मा र श्री जगत जंग जि.सी. सदस्य रहेको कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति गठन गरेको छ। यस समितिमा मानव संशाधन विभागका प्रमुख सदस्य सचिव रहेका छन्। यो समितिले कर्मचारी दरबन्दि संरचना, कर्मचारी विनियमावली संशोधन, कर्मचारी पारिश्रमिक सेवा सुविधा पुनरावलोकन गरी संचालक समिति समक्ष पेश गर्ने गरेको छ। आ.ब.२०७४/७५ मा यस समितिको बैठक ४ पटक बसेको थियो।

(ङ) सम्पत्ती सुद्धिकरण अनुगमन समिति :

संचालक समितिले संचालक श्री बलराम चौधरीको संयोजकत्वमा संचालक श्री जगत जंग जि.सी. सदस्य रहेको सम्पत्ती सुद्धिकरण अनुगमन समिति गठन गरेको छ। सो समितिमा सञ्चालन विभागका प्रमुख सदस्य सचिव रहने व्यवस्था गरिएको छ।

(च) प्रमुखकार्यकारीअधिकृतः

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा श्री आश नारायण चौधरी संस्थापनाकालदेखि नै रही आउनु भएको छ। वहाँले आफ्नो कार्य दक्षता प्रयोग गरी कार्यक्रम तथा सदस्य बृद्धि र कर्मचारी व्यवस्थापनमा प्रभावकारी भूमिका रहेको कारण समग्र वित्तीय संस्थाको कार्य प्रगति सन्तोषजनक रहेको छ।

**८. कारोबारलाई असर पार्ने मुख्य कुराहरुः**

देशभित्रको वर्तमान तरल राजनैतिक अवस्था र आर्थिक वातावरण विकासका लागि पूर्ण रुपले अनुकूल भइसकेको छैन। नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायले गर्ने नियमन, निर्देशनको परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमप्रति पनि यस वित्तीय संस्था सदैव सजग रहनु परेको छ। यस बाहेक देहायका कुराले वित्तीय संस्थाको कारोबारलाई असर पार्ने देखिन्छ। हामी त्यस्ता असरहरुको न्युनिकरण गर्दै वित्तीय संस्थालाई प्रभावकारी ढंगले अगाडी बढाउन प्रयत्नरत छौं। यस कार्यमा तपाई शेयरधनी महानुभावहरुको थप सल्लाह सुझावको अपेक्षा राखेका छौं।

- 'क' वर्गका वाणिज्य बैंकहरुले पनि Branchless Banking, Mobile Banking को माध्यमबाट विपन्न वर्गमा प्रत्यक्ष कर्जा लगानीको दायरा विस्तार गरेकोले भविष्यमा बढ्न जानेप्रति स्पर्धाप्रति सजग रहनुपर्ने भएको छ।
- लघुवित्त सेवा प्रदायक संस्थाहरु तथा तिनका शाखा वृद्धिले प्रतिस्पर्धा अझ बढ्ने तथा सेवाग्राहीले एकभन्दाबढी यस्ता संस्थाको सदस्यता लिई कर्जा लिन सक्ने सम्भावना बढ्दै गएको र अस्वस्थप्रति स्पर्धाले ग्राहक पलायन, ऋण असुलीमा कठिनाई जस्ता समस्या उत्पन्न हुनसक्ने देखिन्छ।
- देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति लगाएत नेपाल राष्ट्र बैंकले गर्ने निर्देशनहरुमा अप्रत्यासित परिवर्तनले सृजनाहुने सम्भावित जोखिमहरु रहेका छन्।
- नेपालका दुर्गम ठाउँहरुमा शाखा कार्यालय खोल्न तथा प्रविधि उपयोग गर्न न्युनतम सुबिधा आवश्यक पर्ने हुँदा राज्यको तर्फबाट ती कुराहरु नभएको ठाउँमा निजी क्षेत्र जान खोज्दा काम गर्न कठिनाई तथा बढी नोक्सानी बेहोर्नु पर्ने सम्भावना रहेको छ।
- बणिज्य बैंकहरुको अस्थिर व्याजदरको कारण थोक कर्जामा लागत बढी पर्ने हुनाले वित्तीय खर्च बढी भएर मुनाफामा समेत असर पर्ने सम्भावना रही रहेको छ।
- देशमा लघुवित्तको बजार भनेको गरिब विपन्न परिवारका सदस्यहरु नै हुन्। अत : तिनै विपन्न गरिब परिवारले बढी रहेका लघुवित्त संस्थाहरुसँग दोहोरो कारोबार गर्ने गरेकाले गर्दा सदस्यमा कर्जाको भार बढी भएर वित्तीय संस्थाहरुको कारोबारमा जोखिम बढी रहेको पाईन्छ।

अतः हामी यी असरलाई न्युनिकरण गर्दै वित्तीय संस्थालाई प्रभावकारी ढंगले अगाडि बढाउन प्रयत्नरत छौं। यस कार्यमा शेयरधनी महानुभावहरुबाट सकारात्मक सल्लाह, सुझावहरु प्राप्तहुने नै छन्।

**९. लेखा परीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रियाः**

गत साधारणसभाबाट नियुक्त लेखापरीक्षक ए.बंशल एण्ड एशोसिएटस्ले लेखापरीक्षकको काम गर्नु भएको छ। लेखा परीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुरा उल्लेख छैन। लेखा परीक्षकबाट प्राप्त सुझावहरुमा संचालक समितिको ध्यानाकर्षण भएको छ। लेखा परीक्षकले दिनुभएका व्यावहारिक सुझावहरुलाई दैनिक काम कारबाहीका क्रममा अनुशरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ।

**१०. आ.ब. २०७४/७५ मा वित्तीय संस्थाको कारोबार प्रगति विवरण :**

अब म वित्तीय संस्थाले आर्थिकवर्ष२०७४/७५मा भए गरेको वित्तीय कारोबार नाफानोक्सान, मुनाफा बाँडफाँडको विवरण तथा वासलातको विश्लेषणका आधारमा पेश गर्न चाहन्छु।

(क) व्यवस्थापकीय खर्च र नाफा नोक्सानस्थितिः

आर्थिक वर्ष२०७४/७५मा कर्जा सापटमा रु.१ अर्ब २६करोड १५ लाख ८ हजार व्याज आम्दानी भएकोछ भने १३ करोड २९ लाख ९८ हजार अन्य आम्दानी रहेको छ। त्यसैगरी सोही आर्थिक वर्ष २०७४/७५मा वित्तीय संस्थाले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा र ग्राहक सदस्यहरुको बचतमा दिएको ब्याज खर्च रु.६४ करोड ६० लाख ८८हजार व्याज खर्च भएको छ। वित्तीय संस्थाका खर्चहरु मध्ये रु.२३ करोड ६० लाख ९२ हजार कर्मचारी तलवभत्ता शीर्षकमा खर्च भएको छ। त्यस्तै, समीक्षा वर्षमा अन्य संचालन खर्च रु.८ करोड ५३ लाख ७५ हजार रहेको छ। नोक्सानी व्यवस्थाको लागि रु.२ करोड ५४ लाख ७६ हजार र कर्मचारी बोनस व्यवस्थामा ३ करोड ८६ लाख २८ हजार छुट्याउँदा आयकर व्यवस्था बापत रु. ११ करोड ६५ लाख २३ हजार भुक्तानी गरिएको छ।

यस वित्तीय संस्थाको यस आ.व.२०७४/७५मा कर्मचारी बोनस तथा कर पछिको रु.२६ करोड ९७ लाख ६५ हजार खुद मुनाफा आर्जन भएको छ।

(ख) मुनाफा बाँडफाड तथा लाभांश :

समीक्षा वर्षको खूद मुनाफा रु.२६ करोड ९७ लाख ६५हजारमा गत बर्षको संचित मुनाफासमेत गरी जम्मा रु.६० करोड ७५ लाख १० हजार बाँडफाँडको लागि उपलब्ध रहेको छ। जसमध्ये साधारण जगेडा कोषमा रु.५ करोड ३९ लाख ५३ हजार, ग्राहक संरक्षण कोषमा रु.२ करोड १४ लाख ५८ हजार, संस्थागत सामाजिक उत्तर दायित्व कोषमा रु.२६ लाख ९७ हजार, स्थगन कर कोषमा रु.४० लाख ७१ हजार छुट्याएको छ।

त्यसै गरी सञ्चालक समितिले यस साधारणसभाको लागि शेयरधनी किताब बन्द गर्दा सम्मको चुक्ता पुँजीको २० प्रतिशतले प्रस्तावित नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशको कर समेत) का लागि रु.६ करोड ३३ हजार र २५ प्रतिशतले प्रस्तावित बोनस शेयरका लागि रु. ७ करोड ५० लाख ४१ हजार बाँडफाँड गरी वितरणका लागि प्रस्ताव गरिएको छ। यसरी भएको बाँडफाँड पश्चात वित्तीय संस्थामा बाँकी रु.३९ करोड २ लाख ५५ हजार अवितरित नाफा रहेको छ।

**११. अन्य गतिविधिहरुः**

व्यवस्थित रुपले कार्यक्रम संचालनको लागि भइरहेको नीति नियमलाई परिमार्जन गरी समय सापेक्ष बनाउने, ग्राहक मैत्री अवधारणालाई आत्मसात गर्ने तथा गुणस्तरीय सेवा प्रदान गर्नको लागि आवश्यक नयाँ नीति नियमहरु बनाएर कार्यान्वयनमा ल्याउने क्रमलाई निरन्तरता दिइएको छ। यसै क्रममा ग्राहक सदस्यहरुलाई प्रदान गर्ने लघुकर्जाको व्याजदरमा समय सापेक्ष हुने गरी परिमार्जन गर्दै न्युन गरिदै लगिएको छ। हालको व्यवस्थापन सूचना प्रणालीमा रहेको कम्प्युटराइज सिस्टमलाई आधुनिकिकरण गरी चालु आर्थिक बर्षमा नयाँ स्वचालित केन्द्रीकृत प्रणाली आफैंमा स्थापना गरी कार्यान्वयन गरिएकोछ। जसबाट अनलाईन एकिकृत कारोबारमा नियन्त्रण, कर्मचारी मुल्यांकन पद्धतिमा आधुनिक प्रविधि लागु हुनेछ।

समीक्षा बर्षमा वित्तीय संस्थाले आफ्ना सदस्यहरुलाई बाढी विपद तथा असजिलो परिस्थिति परेको बेलामा केही सहयोग गर्न सकियोस् भनी समीक्षा बर्षमा ४०६ सदस्यको मृत्यु भएकोमा उनिहरुका आफन्त परिवार सदस्यलाई रु.२३ लाख ५२ हजार सुविधा दिईएको छ भने ६६५ सदस्यका श्रीमान्को मृत्यु भएकोमा सो को राहत स्वरुप रु.१३ लाख ५७ हजार सुविधा दिएको छ। त्यसै गरी १७४१ जना सदस्यको स्व-बासी घर आगलागी, बाढी पहिरोबाट क्षति भएकोमा रु.१३ लाख २१हजार वितरण गरिएको छ। साथै ३१०९ जना सदस्य सुत्केरी भएकोमा उनिहरुलाई राहत सुविधा स्वरुप रु.४५ लाख ४६ हजार गरी जम्मा ५९२१ जना सदस्य परिवारलाई राहत स्वरुप रु.९५ लाख ७८ हजार बराबरको रकम सुविधा समीक्षा बर्षमा प्रदान गरिएको छ।

अन्तमाः

यस वित्तीय संस्थालाई सेवा गर्ने महत्वपूर्ण अवसर दिएर यस गौरवपूर्ण अवस्थासम्म पुऱ्याउने ग्राहक सदस्य महिला दिदीवहिनीलाई हार्दिक धन्यवाद प्रदान गर्दछु। सदस्यहरुबाट यस वित्तीय संस्थाप्रति देखाएको विश्वासलाई कदर तथा सराहना गर्दै समस्त सदस्य महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

वित्तीय संस्थाको संस्थापना तथा कार्य सम्पादनमा निरन्तर सहयोग, प्रोत्साहन र मार्ग दर्शनगरी सहयोग गर्ने सबै शेयर धनी संस्था तथा महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. ग्रामीण महिला उत्सुकता विकास मञ्च, एभरेष्ट बैंक लिमिटेड, आर.एम.डि.सी लगायत सबैलाई हार्दिक आभार प्रकट गर्दछु।

ग्रामीण भेकमा पीछडिएको क्षेत्र र विपन्न वर्गमा लघुवित्त सेवाप्रदान गरी गरिबी न्यूनीकरणमा योगदान दिने यस वित्तीय संस्थाको लक्ष्य रहेकोमा दुर्गम, ग्रामीण तथा पिछडिएको क्षेत्र र अति विपन्न वर्गमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंक तथा अन्य सरोकारवाला निकायहरुसँग आगामी वर्षहरुमा पनि सहकार्य गर्ने अवसर पाउने आशा गरेको छु ।

विपन्न वर्गमा कर्जा प्रवाहका लागि आवश्यक कर्जा सापट उपलब्ध गराउने यस वित्तीय संस्थाका प्रवर्द्धक बैंकहरु एभरेष्ट बैंक लिमिटेड, आर.एम.डि.सी लगायत अन्य बैंक तथा वित्तिय संस्थाहरु हिमालयन बैंक लि., लक्ष्मी बैंक लि., सिटिजन्स इन्टरनेशनल बैंक लि., नविल बैंक लि., प्रभु बैंक लि., एनआइसी एसिया बैंक लि., एन.एम.वी. बैंक लि., नेपाल एस.बि.आई. बैंक लि., सेन्चूरी बैंक लि., सानिमा बैंक लि., कुमारी बैंक लि., सिभिल बैंक लि., प्राइम कर्मशियल बैंक लि. लगाएत अन्य बैंक तथा वित्तीय संस्थाहरु सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

परिश्रमका साथ लेखापरीक्षण सम्पन्न गरिदिने लेखापरीक्षक तथा वित्तीय संस्थाको उन्नति प्रगतिमा आफ्नो क्षेत्रबाट आ-आफ्नो कार्य सुचारु रुपले संचालन गरी वित्तीय संस्थाको कार्य सफलतामा योगदान पुऱ्याउने प्रमुख कार्यकारी अधिकृत सहित वित्तीय संस्था व्यवस्थापन तथा कार्यगत तहमा रहेका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै, आगामी दिनमा पनि वित्तीय संस्थाको सञ्चालक समिति तथा व्यवस्थापनले ग्राहकवर्ग र शेयरधनी महानुभावहरु कै आकांक्षा अनुसार काम गर्दै जानेछौं भन्ने विश्वास पुन : दिलाउन चाहन्छु ।

अत : यस वित्तीय संस्थाको स्थापना, कार्य संचालन तथा प्रगतिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्ने सबै ग्राहक सदस्य महानुभावहरु, वित्तीय संस्था प्रवर्द्धक बैंक तथा संस्थाहरु तथा शेयरधनी महानुभावहरु, सञ्चालक समिति, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, विपन्न वर्गमा कर्जा लगानी गर्न थप कर्जा प्रदान गरी सहयोग गर्ने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु तथा सम्पूर्ण शुभ चिन्तकहरुलाई मेरो आफ्नो व्यक्तिगत तर्फबाट तथा यस वित्तीय संस्थाको तर्फबाट हार्दिक कृतज्ञतासहित धन्यवाद दिदैं, भविष्यमा वित्तीय संस्थाले हालको कमी कमजोरीहरुलाई सुधार गरी नयां प्रविधिलाई अंगाल्दै परिस्कृत र परिमार्जित कार्यहरु गर्नेछ र यस वित्तीय संस्थाको उत्तरोत्तर प्रगतिको लागि आवश्यक सल्लाह, सुझाव र सहयोग प्राप्त भइरहनेछ भन्ने आशा राखेको छु ।

धन्यवाद !

सञ्चालक समितिका तर्फबाट
भगवती चौधरी
अध्यक्ष

मिति २०७५ पौष २९ गते आइतबार ।

## अनुसूची "क"

कम्पनी ऐनको दफा १०९ अन्तर्गत सञ्चालक समितिको छुट्टै प्रतिवेदनमा उल्लेख हुनु पर्ने बाँकी विवरणहरु :

क) समीक्षा वर्षमा वित्तीय संस्थाबाट कुनै किसिमका शेयरहरु जफत गर्ने कार्य नभएको।

ख) समीक्षा वर्षमा वित्तीय संस्थाको कुनै मुख्य वा सहायक कम्पनीन रहेको ।

ग) यस वित्तीय संस्थाको ५ प्रतिशत वा सो भन्दा बढी शेयर ग्रहण गर्ने आधारभूत शेयरधनीको रुपमा ग्रामीण महिला उत्सुकता विकास मञ्च, एभरेष्ट बैंकलि.र आर.एम.डि.सी. लि.रहेका छन् । ती संस्थाहरुबाट शेयरधनीको रुपमा छुट्टै विशेष जानकारी प्राप्त भएको छैन ।

घ) आर्थिक वर्ष २०७४/७५ को अन्तसम्ममा वित्तीय संस्थाका संचालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको शेयर धारण गरेका छन् :

| क.सं. | नाम, पद | ग्रहण गरेको कूल शेयर | |
|---|---|---|---|
| | | व्यक्तिगत | प्रतिनिधित्व गर्ने संस्थाको |
| १. | श्री भगवती चौधरी, अध्यक्ष | ८६,०५८ कित्ता | संस्थागत प्रतिनिधि, ग्रामीण महिला उत्सुकता विकास मञ्च(७,५०,४१३कित्ता) |
| २. | श्री सविता कुमारी दहाल, संचालक | ९,७५५ कित्ता | |
| ३. | श्री केशवराज पौडेल, संचालक | - | संस्थागत प्रतिनिधि, (एभरेष्ट बैंक लि., ७,५०,४१३कित्ता) |
| ४. | श्री आशुतोष शर्मा, संचालक | - | |
| ५. | श्री बलराम चौधरी, संचालक | १९८ कित्ता | सर्बसाधारण शेयरधनी प्रतिनिधि, |
| ६. | श्री जगतजंग जि.सी., संचालक | २२५ कित्ता | सर्बसाधारण शेयरधनी प्रतिनिधि, |
| ७. | श्री आश नारायण चौधरी, प्रमुख कार्यकारी अधिकृत | ३५,०१४ कित्ता | |

वित्तीय संस्थाका संचालक तथा पदाधिकारीहरुले वित्तीय संस्थाबा निष्काशन गरिएको हक प्रद शेयर खरिद गर्ने र साधारणसभाबाट पारित बोनस शेयर ग्रहण गर्ने बाहेक शेयर कारोबारमा अरु कुनै संलग्नता छैन ।

ङ) विगत आर्थिक वर्षमा यस वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरुमा यस कम्पनीको कुनै संचालक तथा निजको नजिकको नातेदारको कुनै व्यक्तिगत स्वार्थ रहेको जानकारी छैन । वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाबाट वित्तीय संस्थासँग कुनै कारोबार भएको छैन ।

च) समीक्षा वर्षमा वित्तीय संस्थाले आफ्नो कुनै शेयर आफूले खरिद गरेको छैन ।

छ) समीक्षा वर्षमा वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम १५ प्रतिशतभन्दा बढी हुने गरी कुनै सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

ज) संचालकहरु, प्रमुख कार्यकारी अधिकृतलाई आ.ब.२०७४/७५ मा भुक्तानी भएको रकम :

- संचालकहरुलाई बैठक भत्ता बापत जम्मा भुक्तान भएको रु.३५१,०००/-
- प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक सुविधाको रुपमा प्रदान गरिएको कुल जम्मा रकम रु.१५,१३,६१६/-

झ) २०७५ आषाढ मसान्तसम्म शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम नरहेको ।

ञ) कम्पनी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम यस प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा नरहेको ।

ट) अन्य आवश्यक कुराहरु : नरहेको देखिन्छन् ।

धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०७३ (नियम २६ को उपनियम २ सँग सम्बन्धित) वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

१. सञ्चालक समितिको प्रतिवेदनः
यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

२. लेखा परीक्षकको प्रतिवेदनः
यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

३. लेखापरीक्षण भएको वित्तीय विवरणः
यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

४. कानुनी कारवाही सम्बन्धि विवरणः
(क) यस अवधिमा यस संस्थाले वा यस संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको ।
(ख) यस अवधिमा यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्था वा सञ्चालक विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै पनि मुद्धा दायर भएको जानकारी यस संस्थालाई नभएको ।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै पनि मुद्धा दायर भएको यस संस्थालाई जानकारीमा नआएको ।

५. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषणः
(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
देशको धितोपत्र बजारमा संगठित संस्थाहरुको शेयर कारोबारमा देखिएको उतार चढावको अवस्थामा पनि यस संस्थाको शेयर कारोबार सन्तोषजनक देखिएको छ ।
(ख) गत बर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्युनतम र अन्तिम मुल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन सम्बन्धमा :

यस अवधिको शेयरको अधिकतम, न्युनतम र अन्तिम मुल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन देहाय वमोजिम रहेको छ ।

| विवरण | २०७४ आश्विन मसान्त | २०७४ पौष मसान्त | २०७४ चैत्र मसान्त | २०७५ आषाढ मसान्त |
|---|---|---|---|---|
| अधिकतम मुल्य (रु.) | ४,१४० | ३,६४५ | ३,३९५ | २,६१५ |
| न्युनतम मुल्य (रु.) | ३,१५० | ३,२६० | १,६०० | १,८८८ |
| अन्तिम मुल्य (रु.) | ३,६०० | ३,३८१ | १,८७५ | २,२२० |
| कुल कारोबार शेयर संख्या | १०,५१६ | २,१६९ | १,५४७ | २,५९५ |
| कुल कारोबार दिन | ५६ | ५७ | ५५ | ६३ |

६. समस्या तथा चुनौतिः
यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

७. संस्थागत सुशासनः
यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

PAN: 301099196

**A. BANSAL & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

CA ASWANI BANSAL
ICAN M.NO. 135, COP NO. 113

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्त वित्तीय संस्था लिमिटेडको वित्तिय विवरण उपर
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्त वित्तीय संस्था लिमिटेडको यसै साथ संलग्न २०७५।०३।३२ (१६ जुलाई २०१८) को वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण , इक्यिटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौं । व्यवस्थापनले यी वित्तिय विवरणहरु नेपाल राष्ट्र वैंकको निर्देशन अनुसार तयार गरिएको छ ।

**वित्तिय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्र प्रणालीको तर्जुमा जसले जालसाजी वा गल्ती वाट होस् सारभुत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, लेखानीतिहरुको छनौट एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपुर्ण अनुमान गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिन आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।
फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड नेपालमा स्थापित सिमित दायित्व भएको राष्ट्रिय स्तरको "घ" वर्गको वित्तीय संस्था हो । यस वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६९/५/२८ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०६९/१२/६ मा इजाजतपत्र प्राप्त गरी २०७०/२/३ देखि वित्तीय कारोवार गर्दै आएको छ। वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी-भलुवा न.पा. वडा नं. ३, सुनसरीमा रहेको छ। यस वित्तीय संस्थाले लघुवित्त बिकास बैंकको रुपमा ने.रा.वैकको इजाजतपत्र नीति अन्तर्गत राष्ट्रिय स्तरको कार्यक्षेत्र रहने गरि स्वीकृति प्राप्त गरेको छ। यस वित्तीय संस्थाले हालसम्म देशका ३६ जिल्ला (सुनसरी, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ्ग, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, खोटाङ, रौतहट, पर्सा, बारा, मकवानपुर, चितवन, नवलपुर, नवलपरासी, रुपन्देही, दाङ्ग, कपिलबस्तु, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, भक्तपुर, काभ्रेपलाञ्चोक र डडेलधुरा) मा मात्र कारोवार सञ्चालन गरेको छ।

यो वित्तीय संस्थाको शेयर नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचिकृत भई कारोबार भइरहेको छ। वित्तीय विवरण २०७४/०४/०१ देखि २०७५/०३/३१ को आर्थिक कारोवार समावेश गरी तयार पारिएका छन्।

**२. प्रमुख लेखा नीतिहरुको सारांश :**

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन्। अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा लागु गरिएको छ।

**३. लेखा सम्बन्धी अवधारणा :**

क. यस लघुवित्त वित्तीय संस्थाको वित्तिय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्तहरु तथा नेपाल लेखामान (अन्यथा उल्लेख गरिएकोमा बाहेक), बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरु र कम्पनी ऐन, २०६३ लाई आधार मानी तयार गरिएको छ।

ख. यहाँ संलग्न वित्तीय विवरणहरु ऐतिहासिक लागतको अवधारणामा तयार गरिएका छन्।

ग. यहाँ संलग्न वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक प्रोदभावि लेखाङ्कनको आधारमा तयार गरिएको छन्।

घ. यो वित्तीय विवरण संस्थाको अविछिन्न निरन्तरताको आधारमा तयार पारिएको छ।

ङ. यो वित्तीय विवरणको सम्पुर्ण ढाँचाहरु नेपाल राष्ट्र बैंकको निर्देशनमा तोकिए बमोजिम रहेका छन् । जुन प्रचलित लेखामानले तोकेको ढाँचासँग नमिल्न पनि सक्छ।

**४. लेखामानवाट अतिक्रम** (Deviations) :

कर्जा तथा सापटमा प्राप्त हूने व्याज नेपाल राष्ट्र बैंकको निर्देशन अनूसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ। त्यस्तै सेवा शूल्क तथा डिस्काउण्टलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ। यसरी आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्नु "नेपाल लेखामान-०७" (पूरानो) मा उल्लेख भए अनूसार, आयलाई प्राप्त रकम र प्राप्त हून बाँकी रकमको निष्पक्ष (Fair) मूल्यमा लेखाङ्कन गर्नू पर्ने प्रावधान अनूरुप रहेको छैन।

**५. आम्दानी/ खर्च लेखात्तन गर्ने नीतिहरु :**

अ. ब्याज आम्दानी :

क. कर्जा/सापटको ब्याज आम्दानी नेपाल राष्ट्र बैकको निर्देशन अनुसार नगद प्राप्तीको आधारमा जनाईने छ। यहाँ ब्याज आम्दानीलाई "नेपाल लेखामान-०७" (पूरानो) बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने छैन।

ख. लगानी तथा बैंक मौज्दातमा पाकेका व्याज आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिनेछ।

आ. व्याज खर्चहरु : निक्षेप दायित्व तथा लिईएको ऋण सापटिमा तिर्नुपर्ने व्याज रकम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने छ।

इ. अन्य आम्दानी तथा खर्चहरु :

क. ग्राहकहरुबाट प्राप्त गर्ने सेवा शुल्क र अन्य शुल्कहरुसाथै लिइएको ऋण सापटिमा लाग्ने सेवा शुल्क र अन्य शुल्कहरुलाई कारोवार गर्दाकै दिनमा आम्दानी वा खर्चमा लेखाङ्कन गरिने छ ।

ख. अरु सबै आम्दानी तथा खर्चहरु प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने छ ।

**६. स्थिर सम्पत्ति तथा ह्रासकट्टि नीति :**

क. वित्तीय संस्थाले खरीद गरिएको सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) को आधारमा सम्पत्तिको परल मोल निर्धारण गर्दा स्थिर सम्पत्तिहरुलाई खरीद, निर्माण गर्दा लागेको लागत मुल्यको साथै सो सम्बन्धित अन्य खर्चहरुलाई समेत समावेश गरिएका छन् ।

ख. ह्रासकट्टि गर्नुपर्ने प्रकृतिको कुनैपनि मालसामानको ह्रासकट्टि गर्दा त्यस्तो मालसामान खरिद भएको मिती वा प्रयोग भएको मिती मध्य जुन पहिले हुन्छ सोहि मिती कायम गरि  ह्रासकट्टि गरिएको छ ।

ग. वित्तिय संस्थाले पट्टामा लिएको भवनमा गरिने कुनै पनि स्थिर प्रकृतिको निर्माण, विद्युत जडान, नेटवर्किङ्ग, ए.सि. जडान, ट्रान्सफर्मर जडान, ढुकुटि कक्ष, भण्डार निर्माण तथा अन्य मर्मत संभमारका कार्यहरु गर्दा आवश्यक खर्चहरु दश बर्ष ननाघ्ने गरि पट्टा अवधिको शुरुमै छुट्टै शिर्षक अन्तर्गत अपलेखन गरिनेछ ।

घ. स्थिर सम्पत्तिको ह्रासकट्टि दर आयकर सम्बन्धि प्रचलित कानुनी व्यवस्था बमोजिम गरिएको छ ।

ङ. अदृश्य सम्पत्तिलाई (जस्तै सफ्टवेयर) पाँच बर्षमा खर्च हुने गरी कुल रकमलाई पाँच ले भाग गरी आउने रकम खर्च लेखिएको छ ।

च) यस बित्तिय संस्थाको स्थिर सम्पत्ति अन्तर्गत कार्यालय समानको परल रकम रु.८,००६,६१२/ र गत बर्ष सम्मको ह्रासकट्टी रकम रु.१,१५४,२७५/ लाई गत बर्ष फर्निचर फिक्चर र कार्यालय उपकरण शिर्षक अन्तर्गत राखेकामा यस बर्ष सोही रकमलाई अन्य सम्पत्तिमा शिर्षकमा पुनः बर्गिकरण गरीएको ५ ।.

**७. पूँजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति :**

वित्तीय संस्थाको व्यवस्थापनले प्रति इकाइ रु.२,०००/- सम्म वा सो भन्दा कम मूल्य भएको तथा अल्प आयु एवं सजिलै सँग टुटफुट हुन सक्ने प्रकृतिका सम्पत्तिहरुलाई पुँजीकृत नगर्ने नीति लिएको छ ।

**८. कर्जा लगानी :**

क. कर्जा लगानी रकम लक्षित ग्राहकहरुलाई सदस्य बनाई प्रदान गर्ने गरिन्छ

ख. कर्जा लगानीको निरन्तर रुपमा निरिक्षण गरिन्छ साथै नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वर्गीकरण गर्ने गरिन्छ ।

ग. सम्बन्धित ऋणीहरुबाट प्राप्त भुक्तानी रकम पाकेको ब्याजमा समायोजन गरिसकेपछि बाँकी रहेको रकमलाई मात्र कर्जाको तिर्नुपर्ने साँवामा समायोजन गर्ने गरिन्छ ।

**९. कर्जा नोक्सानी व्यवस्था :**

वित्तीय संस्थाले कर्जाहरुलाई निम्न बमोजिम वर्गिकरण गरी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको दरमा कर्जा नोक्सानी व्यवस्था गर्ने गरेको छ :

| क्र.स. | विवरण | नोक्सानी व्यवस्था दर |
|---|---|---|
| १ | असल कर्जाः भाखा ननाघेको कर्जा र ०-९० सम्मको भाखा नाघेको | १ प्रतिशत |
| २ | कमसल कर्जा : ९१-१८० दिन सम्म भाखा नाघेका कर्जा (बाँकी सावा रकममा मात्र) | २५ प्रतिशत |
| ३ | शंकास्पद कर्जाः १८१-३६५ दिन सम्म भाखा नाघेको कर्जा (बाँकी सावा रकममा मात्र) | ५० प्रतिशत |
| ४ | खराब कर्जा : ३६६ दिन देखि माथिका भाखा नाघेका कर्जा (बाँकी सावा रकममा) | १०० प्रतिशत |

**१०. खराब कर्जाहरुको अपलेखन नीति :**

यस लघुवित्तको कर्जा अपलेखन विनियमावलिको व्यवस्था अनुसार कर्जाले भाखा नाघेको पाँच बर्ष भन्दा बढी समय व्यतित भएका वा खराब वर्गमा परि शत प्रतिशत कर्जा नोक्सानी ब्यवस्था भएका कर्जा लगायत आवश्यक अन्य शर्तहरु पुरा भएका कर्जाहरुलाई अपलेखन गर्ने गरिन्छ । कर्जा अपलेखन गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको अपलेखनलाई नाफा नोक्सान हिसाबमा खर्च लेखिन्छ साथै उक्त कर्जा बापतको नोक्सानी व्यवस्थालाई कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ताको रुपमा नाफा नोक्सानी हिसाबमा आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ ।

**११. लगानी सम्बन्धी नीति :**

क. लगानीहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार १) व्यापारिक लगानी २) भुक्तानी मितीसम्म धारण गर्ने लगानी र ३) विक्रीको लागी उपलब्ध लगानीको शिर्षकहरुमा वर्गिकरण गरिनेछ ।

ख. स्टक एक्सेन्जमा सूचिकृत धितोपत्रहरुमा गरिएको लगानीको मूल्याङ्कन परल मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सोहि बराबर गरिनेछ । स्टक एक्सेन्जमा सूचिकृत नभएको धितोपत्रमा गरिएको लगानीको मुल्याङ्कन परल मुल्यमा गरिनेछ ।

ग. लगानीको मुल्यमा भएको परिवर्तनलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक नोक्सानी व्यवस्था गरिनेछ ।

घ. लगानीको प्रिमियमलाई पूँजिकरण गरी खरिद गरेको मिती देखि लगानीको अवधि पुरा हुने अवधि सम्ममा अपलेखन गरिनेछ ।

**१२. गैर बैंकिङ्ग सम्पत्ति सम्बन्धि नीति :**

क. गैर बैंकिङ्ग सम्पत्तिलाई सम्बन्धित ऋणिबाट असुल हुन बाँकि साँवा वा उक्त सम्पत्तिको बजार मुल्य मध्ये जुन कम हुन्छ सोहि रकम बराबर लेखाङ्कन गरिनेछ ।

ख. गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानि व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गरिनेछ ।

ग. गैर बैंकिङ्ग सम्पत्ति बेचबिखन गरि प्राप्त रकम लेखाङ्कन गरिएको रकमभन्दा अन्तर पर्न गएमा उक्त रकमलाई नाफा नोक्सान हिसाबमा समायोजन गरिनेछ ।

**१३. साधारण जगेडा कोष :**

बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ दफा ४४ (१) बमोजिम भुक्तानी पुंजीको दोब्बर नभएसम्म प्रत्येक वर्षको खुद नाफाबाट बीस प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिनेछ ।

**१४. सटही घटबढ समायोजन नीति :**

विदेशी मुद्रासँग सम्बन्धित सम्पत्ति, दायित्व तथा सटही घटबढ आम्दानी तथा खर्चहरु सम्बन्धि कारोबार हाल नरहेको हुनाले सो सम्बन्धमा कुनै नीति लिएको छैन ।

**१५. कर्मचारी बोनसको व्यवस्था :**

बोनस ऐन, २०३० अनुसार आयकर व्यवस्था अघिको नाफाबाट १० प्रतिशत रकम कर्मचारी बोनस वापत छुट्याईनेछ ।

**१६. उपदान सम्बन्धि व्यवस्था :**

वित्तीय संस्थाले कर्मचारीलाई अवकाश उप्रान्त दिईने उपदानको लागि वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावलीको दफा (६८) अनुसार पाँच बर्ष वा सोभन्दा बढी सेवा गरेका वित्तीय संस्थाका स्थायी कर्मचारीलाई अवकाश पाएमा वा राजिनामा स्वीकृत गराइ सेवाबाट अलग भएमा वा भविष्यमा वित्तीय संस्थाका सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाईएमा निजलाई देहाय बमोजिम उपदान दिनेछ :-

क. पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महीनाको तलब,
ख. दश वर्षभन्दा बढी पन्ध वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेका पत्येक वर्षका निमित्त आखिरी एक महीनाको तलब,
ग. पन्ध वर्ष भन्दा बढी बीस वर्ष सम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेका प्रत्येक वर्षका निमित्त आखिरी डेढ महीनाका तलब,
घ. बीस वर्ष भन्दा बढी सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षका निमित्त आखिरी दुई महीनाको तलब,

**१७. आयकर सम्बन्धि व्यवस्था :**

क) यस वर्षको कर व्यवस्था :

आयकर ऐन, २०५८ तथा सोमा समय समयमा भएको शंसोधनको आधारमा कर निर्धारण गर्ने प्रयोजनको लागी कायम खुद मुनाफाको ३० प्रतिशतको दरले आयकर व्यवस्था गरिएको छ। अग्रीम भुक्तानी भएको आयकर रकमलाई तिर्न बाँकी आयकरसँग समायोजन गरि सम्पत्ति/दायित्य शीर्षकमा वासलातमा देखाईने छ।

ख) स्थगन कर सम्पत्ति/दायित्व :

१. स्थगन कर सम्पत्ति/दायित्वहरुको करयोग्य आधार र लेखागत आधारबिचको समयान्तरको आधारमा लेखाङ्कन गरिएको छ। स्थगन कर सम्पत्ति/दायित्वलाई वासलातको मितिमा कायम रहेको आयकर दरको आधारमा परिमाणीकरण गरिने छ।
२. स्थगन गरिएको कर सम्पत्ति/दायित्वलाई भविष्यमा पर्याप्त करयोग्य आय सिर्जित भई उक्त करयोग्य आयमा समायोजन गर्न सकिन्छ भन्नेमा व्यवहारिक रुपले सुनिश्चितता नभएसम्म स्थगन कर सम्पत्तिलाई लेखाङ्कन गरिने छैन।
३. नेपाल राष्ट्र बैंकको निर्देशन र नेपाल लेखामान - (Nepal Accounting Standard – 9) बमोजिम स्थगन कर सम्पत्ति र स्थगन कर दायित्वलाई समायोजन गरी आवश्यकता अनुसार “अन्य सम्पत्ति” वा “अन्य दायित्व” अन्तर्गत देखाइनेछ।

१८. अन्य नितीहरु :

(क) दुईगुणा बचत तथा लखपती बचतलाई निश्चित अवधी पश्चात तोकिएको रकम पुऱ्याएर भुक्तानी दिनु पर्ने हुनाले उक्त बचतको ब्याजलाई बचतमा हुने गरी जस्तै ब्याज खर्च गर्ने गरेको हुनाले ब्याजलाई दिनुपर्ने ब्याज शीर्षकबाट सोही बचतमा राखिएको छ।

(ख) मसलन्द मौज्दात :

कार्यालय प्रयोजनका लागि खरिद गरिएका मसलन्द सामानहरुलाई खरिद गरिएको समयमा नै खर्च लेख्ने गरिएको छ। तर छपाई गरिएको सामानहरु खपत गरिएको समयमा खर्च लेखिएको र वर्षको अन्तमा रहेको मौज्दातलाई वास्तविक लागतको आधारमा मुल्याङ्कन गरि अन्य सम्पत्तिमा देखाइएको छ।

## अनुसुची ४.२७

## लेखा सम्बन्धी टिप्पणीहरू

१. वर्षभरिमा प्रवाह भएको कर्जा सापट, असुली भएको र मिनाहा गरिएको साँवा तथा ब्याजको बिवरण निम्न अनुसार रहेको छ :-

| क्र.सं. | विवरण | यस बर्ष रकम (ने.रु.) | गत बर्ष रकम (ने.रु.) |
|---|---|---|---|
| १ | गत बर्षको बाँकी कर्जा | ६,२२९,९९८,८७०.०० | ४,२८८,६३२,२७३.०० |
| २. | वर्षभरिमा प्रवाह भएको कर्जा सापट | ११,४७०,८२७,१९६.०० | ९,६२१,८९६,०७६.०० |
| ३. | क) असुली भएको साँवा | ९,९२०,५१७,७२८.०० | ७,६८०,५२९,४७९.०० |
| | ख) असुली भएको ब्याज | १,२६१,५०८,३९२.०० | १,०८३,५९७,३३१.०० |
| ४. | असुल हुन बाँकी साँवा | ७,७८०,३०८,३३८.०० | ६,२२९,९९८,८७०.०० |

साथै यस बर्ष कुनै कर्जाको अपलेखन तथा मिनाहा गरिएको साँवा तथा ब्याज रहेको छैन ।

२. वर्षभरिमा परिवर्तन भएको निक्षेप दायित्व रकमको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | गत बर्षको बाँकी बचत | यस बर्षको बाँकी बचत | वर्षभरिमा थप भएको बचत |
|---|---|---|---|---|
| १. | अनिवार्य बचत | ५६१,४५८,१२६ | ७६८,४७२,२८५ | ३५०,०३३,२४९.०० |
| २. | ऐच्छिक बचत | ६१४,५०२,१८७ | ७९९,२३७,७०९ | १,०२४,४०९,९६०.०० |
| ३. | अन्य बचत | १,२०९,७४८,१५० | २,०१५,२३०,५७१ | -५५०,२५२,९१६.०० |
| ४ | **जम्मा बचत** | २,३८५,७०८,४६३ | ३,५८२,९४०,५६५ | ८२४,१९०,२९३.०० |

बर्षको अन्त्यमा कुल बाँकी रहेको बचत रकम रु. ३,५८२,९४०,५६५/- रहेको छ। लखपती र दुगुणा निक्षेप योजना अर्न्तगत भुक्तानी गर्न पर्ने ब्याज रकम लाई यस वर्ष देखी वचत तर्फ जनाईएको छ।

३. अघिल्लो आय वर्ष २०७३/७४ मा सापटी तथा अन्य पेश्की रकम मध्ये संस्थाको साविकको कर्मचारीहरु(हाल निस्काशित) ले हिनामिना गरेको तथा वित्तिीय संस्थाका विभिन्न शाखाबाट समय समयमा लुटपाट भई लगेको रकम रु.१,५८३,०९२/- असुल उपर भई नसकेको हुनाले उक्त रकम वापत जम्मा हुने रु.१,५८३,०९२/- लाई अन्य सम्पत्तीको नोक्सानी व्यवस्थामा खर्च लेखी नोक्सानी कोषमा राखिएको छ।

४. कर्जा नोक्सानी व्यवस्था र कर्जाहरुको अपलेखन :
यस बर्षको कर्जा नोक्सानी व्यवस्था देहाय बमोजिम रहेको छ :

| क्र. स. | विवरण | यस वर्ष थप | वर्ष अन्तमा जम्मा |
|---|---|---|---|
| १ | असल कर्जाः भाखा ननाघेको कर्जा | १५,१४१,३३७ | ७७,२५८,७४५.०० |
| २ | कमसल कर्जा : ९१-१८० दिन सम्म भाखा नाघेका कर्जा | ४,००५,३१२ | ४,३८८,७००.०० |
| ३ | शंकास्पद कर्जाः १८१-३६५ दिन सम्म भाखा नाघेको बाकी साँवा कर्जा रकम | १५,४०८,१७२ | १६,६७४,६८८.०० |
| ४ | खराब कर्जा : ३६५ दिन देखि माथिका भाखा नाघेका कर्जा रकम | (१०,६६१,८००) | ३,५२९,७०३.०० |
| | **जम्मा** | २३,८९३,०२१ | १०१,८५१,८३६.०० |

साथै यस बर्ष कुनै कर्जाको अपलेखन गरिएको छैन ।

५. निक्षेप र कर्जाका भारित औषत ब्याज दरका अन्तर (Weighted Average Interest Rate Spread)

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ब्याज आर्जन गर्ने सम्पत्तीमा औषत प्रतिफल | १८.०० | |
| २. | निक्षेप तथा सापटीको औषत लागत कोष | ९.८ | |
| ३. | खुद औषत (१-२) | ८.२ | |
| ४. | प्रशासनिक खर्च अनुपात | ४.८२ | |

६. वित्तीय संस्थाको सम्पत्ति र दायित्वसँग सम्बन्धित कारोबार र वासलात बाहिरको कारोबार कुनै एक व्यक्ति, परिवार वा संस्थामा ने. रा. बैंकले तोकेको सीमाभन्दा बढी अधिकेन्द्रित रहेको छैन ।

७. **कर्मचारी संचित बिदा :**
आर्थिक बर्षको अन्त्यमा सम्पुर्ण कर्मचारीहरुको संचित बिदा बापतको वास्तविक दायित्व गणना गरी नाफा नोक्सान हिसावमा खर्च लेखि वासलातमा अन्य दायित्व अन्तर्गत देखाईएको छ । आयकर ऐन २०५८, बमोजिम संचित विदा वापतको रकमलाई भुक्तानिको आधारमा खर्च कट्टि गर्न पाईने हुनाले आयकर गणना गर्दा सो रकमलाई व्यवस्था गर्दा कट्टि गरिएको छैन साथै सो को कर प्रभावलाई स्थगन कर दायित्वमा हिसाव मिलान गरिएको छ ।
यस वर्ष वित्तीय संस्थाको नीति वमोजिम संचित विदाको लागि रकम रु. ६,४७२,०५३.३३ छुट्याएको छ भने गत बर्ष बांकी रहेको संचित विदा बापतको रकमबाट छोडेर जाने कर्मचारीहरुका लागि रु.१,१९४,२६९.०० भुक्तानी गरिएको छ ।

८. अवकाश भुक्तानी सम्बन्धि व्यवस्था नगरिएको :
वित्तिय संस्थाले कर्मचारीलाई अवकाश उप्रान्त दिईने उपदानको लागि वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार अवकाश भुक्तानी पाउन योग्य कर्मचारीहरुका लागि काम गरेको बर्षको आधारमा हुने रकम गणना गरी आएको रकम रु. ६,४४२, ३४२.०९ लाई यस बर्ष खर्च लेखांकन गरी अन्य दायित्व अर्न्तगत पेन्सन/उपदान कोष मा लेखांकन गरिएको छ । गत बर्षमा जोड गरी जम्मा रकम रु. १५,१६८,२१७.०९ भएको छ । संचयकोष कट्टी रकमलाई स्वकिृत प्राप्त अवकाश कोषमा जम्मा गरिएको छ ।

९. ग्राहक सुरक्षण कोष :
(क) वित्तीय संस्थाले ग्राहक सदस्यको हितका लागि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम मुनाफाको १ प्रतिशत तथा २० प्रतिशतभन्दा बढी प्रस्तावित लाभांश (नगद तथा बोनश शेयर) वितरण गर्ने भएमा उक्त रकमको २५ प्रतिशत समेत ग्राहक संरक्षण कोषमा (Client Protection Fund) राख्नु पर्ने व्यवस्था बमोजिम सो कोषमा देहाय बमोजिम रकम व्यवस्था गरि एको छ ।

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | शुरु मौज्दात | २८,००२,३३८ | |
| २. | यस बर्ष खुद मुनाफाको १%ले हुने रकम | २,६९७,६५६ | |
| ३. | २० % भन्दा बढी प्रस्तावित लाभांश रु.२५ प्रतिशतको २५% ले हुने रकम | १८,७६०,३५६ | |
| ४. | यस बर्षको यस कोषबाट खर्च ( नाफा नोक्सानी वाडफाडमा सारीएको ) | (५,४१८,०५४) | |
| ५ | **जम्मा बचत** | ४४,०४२,२९६ | |

१०.संस्थागत सामाजिक उत्तरदायित्व कोष :-

नेपाल राष्ट्र बैंकले "घ" वर्गका लघूवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन नं ६.१३ बमोजिम लघुवित्त वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको १ प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने प्रावधान बमोजिम यस वर्षको खूद मूनाफा रु.२६९,७६५,५७५/ को १ प्रतिशतले हुने रकम रु.२,६९७,६५६/- लाई संस्थागत सामाजिक उत्तर दायित्व कोषमा जम्मा गरी अनूसूची ४.२ मा देखाइएको छ ।

११. कर्मचारीको दक्षता अभिवृद्धि कोष

नेपाल राष्ट्र बैंकले "घ" वर्गका लघूवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन नं ६.४ क बमोजिम लघुवित्त वित्तीय संस्थाले गत वर्ष कूल कर्मचारी खर्चको न्युनतम ३ प्रतिशत रकम कर्मचारीको तालिम तथा वृत्ति विकासमा खर्च गर्नूपर्ने र सो अनुसार खर्च हुन नसकेमा त्यस्तो बाँकी रकमलाई कर्मचारी दक्षता अभिवृद्धि कोषमा जम्मा गर्नूपर्ने प्रावधान रहेको छ । यस वित्तीय संस्थाले यस आर्थिक वर्षमा गत वर्षको कूल कर्मचारी खर्च रु.२१०,५६६,८२८/४८- को ३ प्रतिशतले हुने रकम रु.६,३१७,००४/८६- भन्दा रु.१९०,२२१।३८ बढी हुने गरी रु. ६५,०७,२२६/- खर्च गरेको हुनाले कर्मचारीको दक्षता अभिवृद्धि कोषमा रकम छुट्टाइएको छैन ।

१२. पूँजिकृत भएको सफ्टवयेर बापतको रकम मध्येबाट यस बर्ष रु.१,२२८,२१४/- लाई खर्च लेखी बाँकी रकमलाई सम्पत्तीमा राखिएको छ भने वार्षिक सफ्टवेयर सम्भार बापतको खर्चलाई सोझै खर्च शीर्षकमा लेखांकन गरिएको छ ।

१३. चुक्ता पूँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएको तर पुनः निष्काशन नगरिसकेका (Forfeited But Not issued) शेयरहरु रहेको छैन ।

१४.क) आयकर :

यस बर्ष आयकर बापत रु.१२०,०९३,२७२/- व्यवस्था गरिएको छ । आयकर हिसाब आयकर ऐन २०५८ तथा सोको नियमावलीका आधारमा गरिएको छ ।

ख) स्थगन कर

स्थगन कर सम्पत्ति तथा दायित्वको हिसाव नेपाल लेखामान ९ अनुसार गरिएको छ । स्थगन कर दायित्वको गणना देहाय वमोजिम गरिएको छ :

| सि.नं | विवरण | लेखाको आधार | करको आधार | अन्तर रकम | करको दर % | स्थगन कर रकम आम्दानी /(खर्च) |
|---|---|---|---|---|---|---|
| १. | संचित विदा वापत व्यवस्था | २२,०१९,१६१।०० | | २२,०१९,१६१।०० | ३०% | ६,६०५,७४८।०० |
| २ | उपदान वापत व्यवस्था | १५,१६८,२१७।०० | | १५,१६८,२१७।०० | ३०% | ४,५५०,४६५।०० |
| ३. | असुल गर्न पर्ने रकम को व्यवस्था | २,८३४,५१०।०० | | २,८३४,५१०।०० | ३०% | ८५०,३५३।०० |
| ४. | खुद स्थिर सम्पत्ती | ९४,१००,९८१।०० | ९४,०६०,०७२।०३ | (४०,९०८।९७) | ३०% | (१२,२७३।०७) |
| कुल स्थगन कर सम्पत्ती /(दायीत्व) | | | | | | ११,९९४,२९३।०० |
| सुरु मौज्दात सम्पत्ती /(दायीत्व) | | | | | | ७,९२२,६४८।० |
| खुद स्थगन कर आम्दानी /(खर्च) | | | | | | ४,०७१,६४५।० |

१५. वित्तीय संस्थाको ग्राहक तथा ऋणी सदस्यहरुको बृद्धि निम्न अनुसार देखिएको छ ।

| क्र.सं. | विवरण | गत बर्षको | यस बर्ष थप भएको | यस बर्षको |
|---|---|---|---|---|
| १ | शाखा संख्या | ९७ | १४ | १११ |
| २. | केन्द्र/समूह संख्या | ११,९१३ | १२७१ | १३१८४ |
| ३. | ग्राहक सदस्य संख्या | २१२,२६० | १५७७५ | २२८०३५ |
| ४. | ऋणी सदस्य संख्या | १३७,३०२ | ४९८६ | १४२२८८ |

१६. कर फर्स्यौट बाकीं

यस वित्तीय संस्थाले स्वमं कर निर्धारण गरी पेश गरेको आ.व. २०७३/०७४ सम्मको आय विवरण आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको र सो को कर चुक्ता प्रमाण पत्र प्राप्त भैसकेको छ । सम्बन्धित कर कार्यालयवाट विगत आ.ब.२०७०/०७१ को मात्र कर परीक्षण भएको छ ।

१७. प्रस्तावित लाभाशं

वित्तीय संस्थाको सञ्चालक समितिले नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपश्चात साधारण सभाबाट पारित गरी वितरण गर्ने गरी हाल कायम रहेको चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रु.७५,०४१,४२५/- (अक्षरेपी सात करोड पचास लाख एकचालिस हजार चार सय पच्चीस मात्र) लाई बोनस शेयरको रुपमा वितरण गर्न प्रस्ताव गरेको छ । बोनस शेयर बापत लाग्ने करको अंशलाई व्यवस्था गर्न समेत गरी चुक्ता पूँजीको २० प्रतिशतले रकम रु.६०,०३३,१४०/- (अक्षरेपी छ करोड तेतीस हजार एक सय चालीस मात्र) नगद लाभांश वितरण गर्न प्रस्ताव गरिएको छ ।

१८. सम्बन्धित पक्ष विवरण उद्घोष

संस्थाले आफ्नो संचालक समितिको वित्तिय स्वार्थ भएको कूनै पनि पक्षसंग वित्तिय कारोबार गरेको छैन ।

व्यवस्थापनका मुख्य व्यक्तिहरु

सञ्चालक तथा प्रमुखक कार्यकारी अधिकृतलाई व्यवस्थापनका प्रमुख व्यक्तिहरुको रुपमा लिईएको छ । सोको विवरण देहाय अनुसार रहेको छ ।

| | |
|---|---|
| श्री भगवती चौधरी | अध्यक्ष |
| श्री सविता कुमारी दाहाल | संचालक |
| श्री आषुतोष शर्मा | संचालक |
| श्री केशवराज पौडेल | संचालक |
| श्री बलराम चौधरी | संचालक |
| श्री जगत जंग जि.सी | संचालक |
| श्री आशनारायण चौधरी | प्रमुख कार्यकारी अधिकृत |

व्यवस्थापनका मुख्य व्यक्तिहरुलाई प्रदान गरिएको सुविधा :

| विवरण | रकम रु. |
|---|---|
| तलब (संचय कोष समेत) | ८७७,२१२।०० |
| भत्ता, बोनश | ६३६,४०४।०० |
| कूल तलव | १,५१३,६१६।०० |
| घटाउनेः संचयकोष | (१५९,४९३।००) |
| करयोग्य आय | १,३५४,१२४।०० |
| घटाउनेः कर कट्टि | (२३१,००२।००) |
| खुद तलव | ११,१४,६८६।०० |
| | |

उपरोक्त वाहेक करारमा भएको व्यवस्था तथा कर्मचारी सेवा नियमावली वमोजिम प्रमुख कार्यकारी अधिकृतलाई विदा सुविधा, दशै भत्ता, बोनस सुविधा आदि बैंकले उपलब्ध गराएको छ ।

वित्तीय संस्थाका संचालकहरुको खर्च सम्वन्धि विवरण
बैठक भत्ता रकम रु. ३५१,०००.००
अन्य खर्च रु. १३९,२८३.००

१९ उन्नती परियोजना

यस बित्तीय संस्थाले आ.व. २०७४/७५ मा उन्नती परियोजना कार्यकम अर्न्तगत रकम रु.१,२९,१५,७२१/- खर्च भएकोले सो रकम उन्नती मार्फत अनुदान प्राप्त गरी सकेकोले सो रकमलाई आम्दानी जनाई लेखाङ्कन गरेको छ। तथा उक्त कार्यकयको सम्झौता अनुसार संस्था तर्फको खर्चलाई सम्बन्धित शिर्षकमा खर्च जनाईएको छ ।

२० विगत वर्षसम्मको कर व्यवस्था

यस बित्तीय संस्थाको आ.ब.२०७४/७५ बिगत बर्ष २०६९/७० र ७०/७१ को कर कार्यालयबाट परीक्षण गर्दा सो बर्षको कारोवारमा रकम रु.५०१,५५०/- थप कर तिर्नु पर्ने देखाएकोले सो रकमलाई नाफा नोक्सान हिसावको बिगत बर्षसम्मको कर व्यवस्था शिर्षकमा राखी समायोजन गरिएको छ ।

२१ शेयर प्रिमियम

यस बित्तिय संस्थाले हकप्रद शेयर जारी गर्दा रुरल माक्रोफाइनान्स बित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको निती बमोजिम हकप्रद लिन नपाउने भएकोमा सो रकम अन्य संस्थापक शेयर धनीहरुले प्रिमियम मुल्यमा स्विकार गरीएकोले गर्दा प्रिमियम मुल्य रु.२१८,०००/- लाई अन्य दायित्व शिर्षकमा लेखांकन गरकोमा सो रकमलाइ पुजिगत जगेडा कोष शिर्षकमा स्थानान्तरण गरीएको छ ।

२२ अपलेखन खर्च

यस बित्तिय संस्थाको पाउनु पर्ने रकम रु.४५०,०००/- असुल उपर नहुने भएकोले सोही रकमलाई अन्य संचालन खर्च भित्र अपलेखन खर्च शिर्षकमा लेखांकन गरिएको छ । र सो खर्चलाई कर प्रयोजनको लागि अमान्य गरिएको छ ।

२३ शाखा मिलान हिसाव
यस बित्तीय संस्थाको शाखा कार्यालयसंगको कारोवारमा आर्थिक बर्ष २०७४/७५ मा शाखा कार्यालय दैजीको रु.५,६७८.६० गडुराको रु.२५,४६३.८१, हातीमुडाको रु.२८.४७, इलामको रु.१,४९०,६८२.५३, पकलीको रु. १५०,७००.००, शमशेरगंजको रु.२६,२७२.४२, गरी जम्मा रु.१,६४६,२८०.९९ शाखासंगको रिकन्सिलेसन बांकी रहेकोमा आर्थिक बर्ष २०७५/७६ मा केही मिलान भई सकेको र केही मिलान हुने क्रमा रहेको छ।

२४ निकटतम रुपैया
वित्तीय विवरणहरुलाई नेपाली रुपैयामा प्रस्तूत गरिएको छ र आवश्यकता अनुसार निकटतम रुपैयामा परिवर्तन गरिएको छ।

२५. वित्तीय संस्थाले सुरक्षणका रुपमा आफ्नो सम्पत्ति धितो राखी कुनै रकम लिएको छैन ।

२६. हालसम्म यस वित्तिय संस्था सँग कुनै पनि किसिमको गैर बैंकिङ्ग सम्पत्ति छैन ।

२७. वित्तीय संस्थामा लिजहोल्ड सम्पत्ति रहेको छैन ।

२८. यस वित्तिय संस्थाको कुनै पनि किसिमको लगानी रहेको छैन ।

२९. पुनः वर्गिकरण तथा पुनः तालिकीकरण
गतवर्षको अंकहरुलाई आवश्यकता अनुसार पुनः वर्गिकरण र पुनः तालिकीकरण गरी देखाइएको छ ।

## फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**कर्मचारी खर्च**

(**मिति २०७४/०४/०१ देखि २०७५/०३/३२ मसान्त**)

अनुसूची: ४.२८

| क्र.सं. | संस्थापक/संस्थापक समुह अर्न्तगत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता सख्या | कुल चुक्ता पुँजीको प्रतिशत | कर्जा लिएको अन्य बैक/वित्तीय सस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता सख्या | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

अनुसूची ४.२९

# FORWARD Community Microfinance Bittiya Sanstha Ltd.

Comparison of Unaudited and Audited Financial Statement as of FY 2073/74

(Rs. In '000)

| S.No. | Particulars | As per Unaudited Financial Statement | As per Audited Financial Statement | Variance In Amount | Variance In % | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| **1** | Total Capital and Liabilities (1.1 to 1.7) | **8,572,453.** | **8,563,160** | **(9,293)** | **0.11%** | |
| **1.1** | Paid up Capital | 300,166 | 375,207 | 75,041 | 25.0% | Due to proposed bonus shares |
| **1.2** | Reserve and Surplus | 738,508 | 631,019 | (107,489) | -14.55% | Due to changes on profit after Audit |
| **1.3** | Debenture and Bond | - | - | - | | |
| **1.4** | Borrowings | 3,802,503 | 3,803,455 | 952 | 0.03% | |
| **1.5** | Deposits (a+b) | | | - | | |
| | a. Members | 3,209,899 | 3,582,941 | 373,042 | 11.62% | Due to transfer of Interest Payble on Other Liabilities Heading |
| | b. Public | - | - | - | - | |
| **1.6** | Income Tax Liability | 519 | - | (519) | -100.0% | Income Tax Liability adjusted after calculation |
| **1.7** | Proposed Dividend | | 60,033 | 60,033 | | As the Board decide to distribute cash dividend |
| **1.8** | Other Liabilities | 520,858 | 110,505 | (410,353) | 78.78% | Due to transfer of Interest Payble from Deposits Heading and other adjustments |
| **2** | **Total Assets (2.1 to 2.7)** | **8,572,453.0** | **8,563,160** | (9,293) | **0.11%** | |
| **2.1** | Cash and Bank Balance | 199,711 | 750,578 | 550,867 | 275.83% | Due to conclusion after bank reconciliation and reclasification from other assets |
| **2.2** | Money at Call and Short Notice | 547,232 | - | (547,232) | 100.0% | |
| **2.3** | Investments | 2,000 | 2,000 | - | 0.00% | |
| **2.4** | Loans and Advances | 7,679,670 | 7,678,457 | (1,213) | -0.02% | |
| **2.5** | Fixed Assets | 94,324 | 94,101 | (223) | -0.24% | |
| **2.6** | Non Banking Assets | - | - | - | 0.00% | |
| **2.7** | Other Assets | 49,516 | 38,025 | (11,491) | 23.21% | Due to set off of Income Tax provision and Adjustemnt of Deferred Tax and reclassification |
| **3** | **Profit and Loss Account** | | | - | | |
| **3.1** | Interest Income | 1,282,406 | 1,284,951 | 2,545 | 0.20% | |
| **3.2** | Interest Expense | 641,992 | 646,088 | 4,096 | 0.64% | Due to setoff of interbranch interest. |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **640,414** | **638,863** | (1,551) | **- 0.24%** | |
| **3.3** | Fees, Commission and Discount | | | - | | |
| **3.4** | Other Operating Income | 131,341 | 132,999 | 1,658 | 1.26% | Adjusted as per audit obervations. |
| **3.5** | Foreign Exchange Gain/Loss (Net) | | | - | | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **771,755** | **771,862** | 107 | **0.01%** | |
| **3.6** | Staff Expenses | 219,145 | 236,093 | 16,948 | 7.73% | Due to provision for Staff Leave Expenses |
| **3.7** | Other Operating Expenses | 88,639 | 85,375 | (3,264) | -3.68% | Due to classification chages and provision for depreciation and other |
| | C. Operating Profit Before Provision (B -3.6 - 3.7) | **463,971** | **450,394** | (13,577) | **2.93%** | |
| **3.8** | Provision for Possible Losses | 22,324 | 25,476 | 3,152 | 14.12% | Due to correction in provision on other assets. |
| | **D. Operating Profit (C -3.8)** | **441,647** | **424,918** | (16,729) | **3.79%** | |
| **3.9** | Non Operating Income/Expenses (Net) | | | | | |
| **3.1** | Write Back of Provision for Possible Loss | - | - | - | | |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **441,647** | **424,918** | **(16,729)** | **3.79%** | |
| **3.11** | Extraordinary Income/Expenses (Net) | | | - | | |
| | **F. Profit before Bonus and Taxes (E+3.11)** | **441,647** | **424,918** | **(16,729)** | **3.79%** | |
| **3.12** | Provision for Staff Bonus | 40,150 | 38,629 | 1,521 | 3.79% | Due to change in Profit before taxes |
| **3.13** | Provision for Tax | 120,449 | 116,523 | 3,926 | 3.26% | Due to change in Profit before taxes and additional deferred tax |
| | **G. Net Profit/Loss (F - 3.12 - 3.13)** | **281,048** | **269,766** | **(22,176)** | **7.89%** | |

# व्यवस्थापन टोली तथा कार्यालय

## क. केन्द्रीय कार्यालय

| कार्यालय | नामथर | पद |
|---|---|---|
| **प्रमुख कार्यकारी अधिकृत- आश नारायण चौधरी,** | | |
| **मुख्य प्रबन्धक/ कम्पनी सचिव- कृष्णप्रसाद भट्टराई,** | | |
| सामान्य प्रशासन/ कर्जा विभाग | हिरा कुमारी थन्दार | वरिष्ठ प्रबन्धक |
| | विनोद कुमार चौधरी | सहायक प्रवन्धक |
| | राधाकृष्ण चौधरी | सहायक प्रवन्धक |
| | रुद्रहरी खनाल | वरिष्ठ अधिकृत |
| | शर्मिला चौधरी | सहायक अधिकृत |
| आर्थिक प्रशासन/लेखा विभाग | राजेन्द्र चौधरी | प्रबन्धक |
| | राजकुमारी तबदार | प्रबन्धक |
| | रिता कुमारी चौधरी | वरिष्ठ अधिकृत |
| | महेश कुमार उराँव | बरिष्ठ सहायक |
| मानव संसाधन तथा तालिम विभाग | अविनाश कुमार चौधरी | मुख्य अधिकृत |
| | अशोक कुमार चौधरी | वरिष्ठ अधिकृत |
| | कृष्णा चौधरी | सहायक अधिकृत |
| अनुगमन विभाग | आशिचन्द चौधरी | प्रबन्धक |
| | परशुराम मण्डल | बरिष्ठ अधिकृत |
| योजना तथा विकास विभाग | प्रदीप कुमार चौधरी | सहायक प्रवन्धक |
| | बिरेन्द्र कुमार देव | मुख्य अधिकृत |
| आन्तरिक लेखापरीक्षण विभाग | धिरेन्द्र कुमार माझी | बरिष्ठ प्रबन्धक |
| | बचन चौधरी | सहायक प्रवन्धक |
| | अरुण कुमार झा | मुख्य अधिकृत |
| | जिवन घिमिरे<br>दिपेन्द्र कुमार गुप्ता | मुख्य अधिकृत<br>मुख्य अधिकृत |
| सुचना प्रविधि (आई.टी.) विभाग | राम कुमार बिश्वास | बरिष्ठ अधिकृत |
| | माधव चौधरी | अधिकृत |
| | त्रिचन्द चौधरी | सहायक अधिकृत |
| | ब्रहम कुमार चौधरी | सहायक अधिकृत |
| सम्पर्क कार्यालय | भरत चौधरी | सहायक अधिकृत |
| | कृष्ण कुमार चौधरी | बरिष्ठ सहायक |

| क्र.सं. | नाम | पद | इलाका कार्यालय |
|---|---|---|---|
| १. | लेखनाथ सुवेदी | इलाका प्रमुख | इलाम,इलाम |
| २. | नितु कुमारी चौधरी | इलाका प्रमुख | उर्लावारी,मोरंग |
| ३. | कलश लाल भगत | इलाका प्रमुख | धरान,सुनसरी |
| ४. | सालिग्राम चौधरी | इलाका प्रमुख | बिराटनगर,मोरंग |
| | संजय कुमार चौधरी | इलाका अधिकृत | |
| ५. | शोभा देवी बराल | इलाका प्रमुख | इनरुवा,सुनसरी |
| ६ | रमेश कुमार चौधरी | इलाका प्रमुख | बर्दिबास,महोत्तरी |
| ७. | देवचन्द राय | इलाका प्रमुख | कलैया,बारा |
| | परमानन्द चौधरी | इलाका अधिकृत | |
| ८. | चन्द्रबिक्रम चौधरी | इलाका प्रमुख | रामनगर, नवलपरासी |
| ९. | किरन कुमार चौधरी | इलाका प्रमुख | सोनपुर,दाङ |
| १०. | विमल चौधरी | इलाका प्रमुख | शमशेरगंज,बाँके |
| ११. | संजय कुमार चौधरी | इलाका प्रमुख | धनगढी,कैलाली |

## ख. शाखा कार्यालय

१. ईलाम इलाका (ईलाम)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | फिक्कल | ईलाम | दिल कुमारी राई | शाखा प्रमुख |
| २ | ईलाम | ईलाम | योगेन्द्र राई | कार्यालय प्रमुख |
| ३ | मङ्गलबारे | ईलाम | रन्जना मुडवरी | कार्यालय प्रमुख |
| ४ | राँके | पाँचथर | बलराम खबास | कार्यालय प्रमुख |
| ५ | फिदिम | पाँचथर | सुनमाया राई | कार्यालय प्रमुख |
| ६ | ताप्लेजुङ | ताप्लेजुङ | अम्बिका प्रसाद रेग्मी | शाखा प्रमुख |
| ७ | संक्रान्ती बजार | तेह्रथुम | सुरेन्द्र राई | कार्यालय प्रमुख |
| ८ | रवि | इलाम | जितबीर नेम्वाङ | कार्यालय प्रमुख |
| ९ | थर्पु | पाँचथर | कविराज प्रधान | कार्यालय प्रमुख |

२. उर्लाबारी इलाका (मोरङ)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | बिर्ताबजार | झापा | शर्मिला कुमारी चौधरी | कार्यालय प्रमुख |
| २ | दुधे | झापा | तुलसीराम घिमिरे | शाखा प्रमुख |
| ३ | भद्रपुर | झापा | ललिता कुमारी चौधरी | कार्यालय प्रमुख |
| ४ | बनियानी | झापा | सुफल सोरेन | कार्यालय प्रमुख |
| ५ | बेलबारी | मोरङ्ग | सुनिता कुमारी चौधरी | शाखा प्रमुख |
| ६ | लेटाङ्ग | मोरङ्ग | पंच नारायण फौदार खवास | कार्यालय प्रमुख |
| ७ | उर्लाबारी | मोरङ्ग | शरण कुमार चौधरी | शाखा प्रमुख |
| ८ | केराबारी | मोरङ्ग | निर्मला कुमारी माझी | कार्यालय प्रमुख |
| ९ | शनिश्चरे | मोरङ्ग | नारायण थापा | कार्यालय प्रमुख |
| १० | सिजुवा | मोरङ्ग | सिमला कुमारी चौधरी | कार्यालय प्रमुख |
| ११ | मधुमल्ला | मोरङ्ग | निलम कुमारी चौधरी | कार्यालय प्रमुख |
| १२ | अमरदह | मोरङ्ग | रीना चौधरी | कार्यालय प्रमुख |

३. बिराटनगर ईलाका (मोरङ)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | बिराटनगर | मोरङ्ग | बालेश्वर उराँव | शाखा प्रमुख |
| २ | तेतरिया | मोरङ्ग | रतन कुमारी चौधरी | शाखा प्रमुख |
| ३ | देवानगञ्ज | सुनसरी | अर्जुन कुमार चौधरी | कार्यालय प्रमुख |
| ४ | हात्तीमुडा | मोरङ्ग | कमल कुमार चौधरी | शाखा प्रमुख |
| ५ | रंगेली | मोरङ्ग | भुवनेश्वर प्रसाद राय | शाखा प्रमुख |
| ६ | बाहुनी | मोरङ्ग | योगेश कुमार भगत | कार्यालय प्रमुख |
| ७ | चिमडी | सुनसरी | परमेश्वर कुमार झा | कार्यालय प्रमुख |
| ८ | दुहवी | सुनसरी | उर्मिला कुमारी थन्दार | शाखा प्रमुख |
| ९ | खनार | सुनसरी | प्रदीप कुमार चौधरी | शाखा प्रमुख |
| १० | मझारे | मोरङ्ग | मो.अन्जर | शाखा प्रमुख |
| ११ | नयाँ बजार | मोरङ्ग | वासुदेव माझी | कार्यालय प्रमुख |

४. धरान ईलाका (सुनसरी)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | धरान | सुनसरी | नमुना श्रेष्ठ | कार्यालय प्रमुख |
| २ | तरहरा | सुनसरी | महानन्द चौधरी | शाखा प्रमुख |
| ३ | चक्रघट्टी | सुनसरी | केवल कुमार थन्दार | कार्यालय प्रमुख |
| ४ | धनकुटा | धनकुटा | संजय कुमार चौधरी | कार्यालय प्रमुख |
| ५ | बसन्तपुर | तेह्रथुम | दिलिप कुमार सरदार | कार्यालय प्रमुख |
| ६ | खाँदबारी | संखुवासभा | शुरेश गुरुङ | कार्यालय प्रमुख |
| ७ | भोजपुर | भोजपुर | दिप नारायण माझी | कार्यालय प्रमुख |
| ८ | दिङ्गला | भोजपुर | घुनालाल माझी | कार्यालय प्रमुख |
| ९ | तिवारीभन्ज्याङ्ग | भोजपुर | मदन सुब्बा | कार्यालय प्रमुख |

५. इनरुवा ईलाका (सुनसरी)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | औरावनी | सुनसरी | पवित्रा चौधरी | शाखा प्रमुख |
| २ | इनरुवा | सुनसरी | केदार प्रसाद उराँव | कार्यालय प्रमुख |
| ३ | लौकही | सुनसरी | बिरेन्द्र कुमार माझी | कार्यालय प्रमुख |
| ४ | पकली | सुनसरी | कुन्ती कुमारी चौधरी | शाखा प्रमुख |
| ५ | हनुमाननगर | सप्तरी | मनोज कुमार मण्डल | कार्यालय प्रमुख |
| ६ | फत्तेपुर | सप्तरी | शम्भु कुमार परियार | शाखा प्रमुख |
| ७ | रामपुर ठोक्सिला | उदयपुर | अशोक कुमारी लिम्बु | शाखा प्रमुख |
| ८ | गाईघाट | उदयपुर | श्यामबाबु चौधरी | शाखा प्रमुख |
| ९ | मधुपट्टी | सप्तरी | अनिता कुमारी थन्दार | कार्यालय प्रमुख |
| १० | रुपनगर | सप्तरी | भजन लाल सरदार | कार्यालय प्रमुख |
| ११ | शम्भुनाथ | सप्तरी | प्रदीप लाल बिश्वास | शाखा प्रमुख |

६. बर्दिबास ईलाका (महोत्तरी)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | ईश्वरपुर | सर्लाही | राजेन्द्र प्रसाद शर्मा भण्डारी | शाखा प्रमुख |
| २ | कोडेना | सर्लाही | रामलाल उराँव | शाखा प्रमुख |
| ३ | कटारी | उदयपुर | सामना कला राई | कार्यालय प्रमुख |
| ४ | बर्दिबास | महोत्तरी | श्रद्धा श्रेष्ठ | कार्यालय प्रमुख |
| ५ | गौशाला | महोत्तरी | विजय सिंह दनुवार | कार्यालय प्रमुख |
| ६ | बरहथवा | सर्लाही | तुलाराम चौधरी | कार्यालय प्रमुख |
| ७ | मलंगवा | सर्लाही | अनिल कुमार रौनियार | कार्यालय प्रमुख |
| ८ | सपही | धनुषा | रोशन कुमार साह | कार्यालय प्रमुख |
| ९ | दुधौली | सिन्धुली | पर्वत कुमार चौधरी | कार्यालय प्रमुख |
| १० | मिर्चैया | सिरहा | ध्रुव अधिकारी | कार्यालय प्रमुख |
| ११ | दिक्तेल | खोटाङ्ग | कैलाश पोखरेल | शाखा प्रमुख |
| १२ | सितापुर भंगाहा | महोत्तरी | संजीव कुमार मल्लिक | कार्यालय प्रमुख |
| १३ | रामगोपालपुर | महोत्तरी | जय प्रकाश राय | कार्यालय प्रमुख |
| १४ | झौखेल | भक्तपुर | नेत्रमणी थापा | कार्यालय प्रमुख |
| १५ | नाला उग्रचण्डी | काभ्रेपलाञ्चौक | हुमा गिरी | कार्यालय प्रमुख |
| १६. | खेरवा | सर्लाही | अनिल कुमार यादव | कार्यालय प्रमुख |

७. कलैया इलाका (बारा)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | कलैया | बारा | रमानन्द मेहता | कार्यालय प्रमुख |
| २ | मनहर्वा | बारा | दुर्गानन्द चौधरी | कार्यालय प्रमुख |
| ३ | कोल्वही | बारा | सन्त कुमार थारु | कार्यालय प्रमुख |
| ४ | गंजभवानीपुर | बारा | मो. मन्जारुल हक | कार्यालय प्रमुख |
| ५ | विश्णुपुर्वा | बारा | पृथ्वी नारायण माझी | कार्यालय प्रमुख |
| ६ | चन्द्रनिगाहपुर | रौतहट | अनिल कुमार चौधरी | कार्यालय प्रमुख |
| ७ | गरुडा | रौतहट | बिमल कुमार चौधरी | कार्यालय प्रमुख |
| ८ | सिर्सिया | पर्सा | दिप नारायण चौधरी | कार्यालय प्रमुख |
| ९ | पोखरीया | पर्सा | राज नारायण चौधरी | शाखा प्रमुख |
| १० | महुवन | पर्सा | पुरुषोत्तम चौधरी | कार्यालय प्रमुख |
| ११ | मनहरी | मकवानपुर | भिमसेन गच्छदार | शाखा प्रमुख |
| १२ | ज्यामिरे | चितवन | मिथुन कुमार चौधरी | कार्यालय प्रमुख |
| १३. | बिरगंज | पर्सा | राम प्रवेश यादव | कार्यालय प्रमुख |

८. रामनगर ईलाका (दाङ)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | मध्यविन्दु | नवलपरासी | गौतम भुजेल | कार्यालय प्रमुख |
| २ | सुर्यपुरा | रुपन्देही | राम प्रसाद चौधरी | कार्यालय प्रमुख |
| ३ | गोपिगञ्ज | नवलपरासी | रिसुलाल चौधरी | कार्यालय प्रमुख |
| ४ | रामनगर | नवलपरासी | बिनिता कुमारी घर्ती | कार्यालय प्रमुख |
| ५ | धकधई | रुपन्देही | नारायण देव उराँव | कार्यालय प्रमुख |

९. सोनपुर ईलाका (दाङ)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | सोनपुर | दाङ्ग | दुर्गा प्रसाद चौधरी | कार्यालय प्रमुख |
| २ | चन्द्रौटा | दाङ्ग | पप्पु कुमार साह | कार्यालय प्रमुख |
| ३ | गढवा | दाङ्ग | बिसराम चौधरी | कार्यालय प्रमुख |
| ४ | गोग्ली | दाङ्ग | सनिता चौधरी | कार्यालय प्रमुख |

१०. शम्शेरगञ्ज ईलाका (बाँके)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | शम्शेरगञ्ज | बाँके | बिजय कुमार पासवान | शाखा प्रमुख |
| २ | कारकादो | बाँके | पुरन कुमार चौधरी | कार्यालय प्रमुख |
| ३ | चिसापानी | बाँके | सुरुपलाल माझी | कार्यालय प्रमुख |
| ४ | खजुरा | बाँके | धर्मेन्द्र कुमार यादव | कार्यालय प्रमुख |
| ५ | सानोश्री | बर्दिया | दिलिप कुमार झा | कार्यालय प्रमुख |
| ६ | सोरहवा | बर्दिया | रमानन्द चौधरी | कार्यालय प्रमुख |
| ७ | शान्तीपुर | बर्दिया | सन्तोष कुमार माझी | शाखा प्रमुख |
| ८ | रानीपुर | बर्दिया | अनिता कुमारी चौधरी | कार्यालय प्रमुख |
| ९ | लाटीकोइली | सुर्खेत | सुरज कुमार चौधरी | कार्यालय प्रमुख |
| १० | बाँसगढी | बर्दिया | सम्झना पुन | कार्यालय प्रमुख |

१०. धनगढी ईलाका (कैलाली)

| क्र.स. | शाखाको नाम | जिल्ला | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|---|
| १ | धनगढी | कैलाली | श्याम कुमार दास | कार्यालय प्रमुख |
| २ | चौमाला | कैलाली | श्रीनारायण चौधरी | कार्यालय प्रमुख |
| ३ | सडकपुर | कैलाली | केशव राज भट्ट | कार्यालय प्रमुख |
| ४ | मसुरिया | कैलाली | बिमल कुमार माझी | कार्यालय प्रमुख |
| ५ | जोशीपुर | कैलाली | बिस्नु प्रसाद चौधरी | कार्यालय प्रमुख |
| ६ | महेन्द्रनगर | कञ्चनपुर | भरत लाल सिंह | कार्यालय प्रमुख |
| ७ | दैजी | कञ्चनपुर | राकेश थारु | कार्यालय प्रमुख |
| ८ | जोगबुढा | डडेलधुरा | दिपकराज भट्ट | कार्यालय प्रमुख |
| ९ | झलारी | कञ्चनपुर | राज कुमार चौधरी | कार्यालय प्रमुख |
| १० | चाँदनीदोधारा | कञ्चनपुर | श्याम कुमार दहित | कार्यालय प्रमुख |
| ११ | कलकत्ता | कञ्चनपुर | प्रदीप चौधरी | कार्यालय प्रमुख |

# नेपाल राष्ट्र बैंक

## लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४१२८२३
फ्याक्स नं. ४४१२२२४
Emai:mfpsd@nrb.org.np
Websit: www.nrb.org.np
टेलेक्स : २२०७ रावा एनपी
पोष्टवक्स : ७३

पत्र संख्या : ल.वि.प्र.सु.वि.गैर-स्थलगत १/फरवार्ड/०७५/७६/ **मिति: २०७५/०९/०६**

**श्री फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लि.**
**दुहवी, सुनसरी ।**

**विषय: वार्षिक वित्तीय विवरण प्रकाशन सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन, र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार चुक्ता पुंजी रु. ३०,०१,६५,७००।०० को २५ प्रतिशतले हुने रु.७,५०,४१,४२५।- (अक्षरेपी सात करोड पचास लाख एक चालिस हजार चार सय पच्चीस) बराबरको बोनश शेयर तथा चुक्ता पुँजीको २० प्रतिशतले रु.६,००,३३,१४०।-(अक्षरेपी छ करोड तेत्तिस हजार एक सय चालिस) नगद लाभांश (कर प्रयोजन समेत) साधारण सभाबाट स्वीकृत गरी वितरण गर्ने निकासा सहित वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरण प्रकाशन गर्न निर्णयानुसार सहमति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

१. गत आर्थिक वर्ष २०७३/७४ को साधारण सभा सम्पन्न गर्न स्वीकृति माग गर्ने कममा बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १४(३) मा व्यवस्था भए बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गर्न यस बैंकले दिएको निर्देशन हालसम्म पालना नगर्नुको कारण स्पष्ट पार्नु हुन ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७५ को निर्देशन नं. ६ को बुँदा नं. ६.१४ को खण्ड (ड) अनुसारको संस्थागत सामाजिक उत्तरदायित्व कोष सम्वन्धी कार्यविधि बनाई लागू गर्नु हुन तथा उक्त कोषमा रहेको रकम प्रत्येक वर्ष तोकिएको कार्यमा खर्च गर्ने गर्नु हुन ।

३. आरएमडिसी लघुवित्त वित्तीय संस्था लि.लाई त्यस संस्थाको संस्थापक शेयरमा गरेको लगानी यथासिघ्र निसर्ग गर्न अनुरोध गर्दै पत्राचार गर्नु हुन ।

४. संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षक प्रतिवेदन साथै यस बैंकको स्थलगत तथा गैर स्थलगत निरीक्षण प्रतिवेदनमा औंल्याईएका थप कैफियतहरु समेत पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(लुमाकान्त भट्टराई)
उप-निर्देशक

बोधार्थ:

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

# प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण, २०७५

| हालको व्यवस्था | संशोधन गर्नु पर्ने व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ६. **वित्तीय संस्थाका पूँजीका संरचना :** वित्तीय संस्थाका पूँजीका संरचना देहाय बमोजिम हुनेछः-<br><br>(ख) वित्तीय संस्थाको जारी गर्ने शेयर पूँजी रु.३०,०१,६५,७००/- (अक्षरेपि तीस करोड एक लाख पैसठी हजार सातसयमात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ३०,०१,६५७ (तीस लाख एक हजार छसय सन्ताउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ। | ६. **वित्तीय संस्थाका पूँजीका संरचना :** वित्तीय संस्थाका पूँजीका संरचना देहाय बमोजिम हुनेछः-<br><br>(ख) वित्तीय संस्थाको जारी गर्ने शेयर पूँजी रु.३७,५२,०७,१२५/- (अक्षरेपि सैतीस करोड बाउन्न लाख सात हजार एकसय पच्चिसमात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ३७,५२,०७१(सैतीस लाख बाउन्न हजार एकहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाले २५% बोनस शेयर जारी गर्ने हुँदा सोही अनुरुप जारी पूँजी बृद्धि गर्नुपर्ने भएकोले। |
| ६.(ग) (१) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु.३०,०१,६५,७००/- (अक्षरेपि तीस करोड एक लाख पैसठी हजार सातसयमात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ३०,०१,६५७ (तीस लाख एक हजार छसय सन्ताउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ। | ६.(ग) (१) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु.३७,५२,०७,१२५/- (अक्षरेपि सैतीस करोड बाउन्न लाख सात हजार एकसय पच्चिसमात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/ - दरका ३७,५२,०७१(सैतीस लाख बाउन्न हजार एकहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाले २५% बोनस शेयर जारी गर्ने हुँदा सोही अनुरुप चुक्ता पूँजी बृद्धि गर्नुपर्ने भएकोले। |

## तुलनात्मक ग्राहक सदस्य संख्या




## तुलनात्मक ऋणी सदस्य संख्या




## बचत र कर्जाको तुलनात्मक विवरण (रु.००० मा)



## कर्जाको लगानी क्षेत्र तुलनात्मक विवरण (रु.००० मा)




## खर्च र आम्दानीको तुलनात्मक विवरण




## आम्दानीका स्रोतहरु



# टिपोट



नयां प्रशिक्षार्थीहरुलाई अभिमुखि तालिम दिदै मानव संसाधन प्रमुख



स्वंय विकास तथा व्यवस्थापन तालिममा सहभागि शाखा प्रमुखहरु



जोखिम व्यवस्थापन तालिममा सहभागी शाखाको फिल्ड कर्मचारीहरु




अनुगमन तथा मूल्यांकन वर्कसपमा सहभागि इलाका प्रमुखहरु
केन्द्रीय कार्यालयको सरहरुसंग




वित्तीय साक्षरता तालिममा सहभागि शनिशचरे शाखा मोरङका सदस्यहरु



कृषि कर्जा लिई अलैची खेती गरेका सदस्य दम्पत्ती



दाङ्ग, राजपुर गाउँपालिका, कठवरेवाकी व्यवसायिक किसिमले गरेको पशुपालन



तेह्रथुम, म्यालुङकी व्यवसायिक रुपमा ढाका कपडा तयार गर्ने सदस्य



सुनसरी तरहराको शाखा प्रमुखद्धारा के.नं २९ को अनुगमन निरिक्षण



दाङ्ग गढवा शाखाको शाखा प्रमुखद्वारा के.न.१२७ लाई उत्कृष्ट भएकोमा केन्द्रकी प्रमुखलाई प्रमाणपत्र हस्तान्तरण तथा सम्मान



कञ्चनपुर जिल्लाको चाँदनी दोधाराका सदस्यको च्याउ खेती व्यवसायी



सदस्यहरुलाई उघमी वनाउने उदेश्यले दिएको चकटी वनाउने तालिममा सहभागिहरु

यस संस्थालाई फरवार्डको नामले स्थापित गरी देश विदेशमा चिनाउने कामको शुरूवात गर्नुहुने ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड)का संस्थापक कार्यकारी प्रमुख स्वर्गीय **दिनेश कुमार चौधरी** प्रति

# हार्दिक श्रद्धाञ्जली





**FORWARD** फरवार्ड कम्यूनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लि.
**Community Microfinance Bittya Sanstha Ltd.**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)


केन्द्रीय कार्यालय, दुहवी-सुनसरी
फोन नं. ०२५-५४००१८, फ्याक्स नं. ०२५-५४१४८३
सम्पर्क कार्यालयः सिनामंगल ९, काठमाण्डौं
फोन नं. ०१-४११२१६२, फ्याक्स नं ०१-४११२३१५
Email: info@forwardmfbank.com.np